# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक २१३ | काठमाडौं | शुक्रबार, १४ मंसिर २०८१ | Prabhab National Daily | Friday, November 29, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## प्रधानमन्त्रीको चीन भ्रमण स्वीकृत, एजेण्डा अझै अनिश्चित



- सरकारी ३९ र निजी क्षेत्रबाट ४८ गरी ८७ जनाको जम्बोटोली लिएर जाँदै प्रधानमन्त्री
- चीन भ्रमणको एजेण्डा मन्त्रिपरिषद्को अर्को बैठकले टुंगो लगाउने

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न चीन भ्रमण मन्त्रिपरिषद्को बैठकबाट स्वीकृत भएको छ । बिहीबार सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्री ओलीको नेतृत्वमा हुने चीन भ्रमणलाई स्वीकृत गरेको हो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले यही मंसिर १७ देखि २० गतेसम्म प्रधानमन्त्री ओली नेतृत्वको चीन भ्रमणलाई स्वीकृत गर्ने निर्णय गरेको बैठकपछि जानकारी दिए । प्रधानमन्त्रीको टोलीमा ८७ जना सहभागी हुने तय भएको छ । जसमा ३९ जना सरकारी टोलीमा रहने छन् भने ४८ जना निजी क्षेत्रका प्रतिनिधिहरू रहने बताइएको छ । भ्रमण स्वीकृत भए पनि सरकारले एजेण्डा भने अझै तय गर्न सकेको छैन ।

'प्रधानमन्त्रीको चीन भ्रमणका एजेण्डाबारेमा थप छलफल जारी छ, एजेण्डा तय भइसकेको छैन, भ्रमण दल र प्रधानमन्त्रीको भ्रमण स्वीकृत भएको छ,' मन्त्री पाण्डेले भने । भ्रमणमा निजी क्षेत्रको ठूलो उपस्थिति रहेको र उनीहरू आफ्नै खर्चमा जाने उनले बताए । 'निजी क्षेत्र आफ्नै खर्चमा जाने हो, सरकारलाई आर्थिक दायित्व पर्दैन, टोलीमा केही जरुरी व्यक्तित्वहरू मात्रै हुनुहुन्छ,' मन्त्री पाण्डेले भने ।

प्रधानमन्त्री ओलीको चीन भ्रमणको एजेण्डा मन्त्रिपरिषद्को अर्को बैठकले टुंगो लगाउने उनको भनाइ थियो । मन्त्री पाण्डेले मन्त्रिपरिषद्मा अन्य विषयका बारेमा छलफल भए पनि निर्णय नभएको बताए । प्रधानमन्त्रीको भ्रमण टोलीमा प्रधानमन्त्री पत्नी राधिका शाक्य, परराष्ट्रमन्त्री आरजु राणा देउवा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णु रिमाल, आर्थिक सल्लाहकार युवराज खतिवडा अटेका छन् ।

क्रमशः पृष्ठ ५ मा

### परराष्ट्रमन्त्री राणा छेन्दुमा



**काठमाडौं (प्रस)–** परराष्ट्रमन्त्री डा आरजु राणा देउवा चीनको छेन्दु पुगेकी छन् । चिनियाँ विदेशमन्त्री वाङ यीको मैत्रीपूर्ण निमन्त्रणामा औपचारिक भ्रमणका लागि बिहीबार उनी नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै चीन प्रस्थान गरेकी थिइन् । चीनको औपचारिक भ्रमणका साथै प्रधानमन्त्री ओलीको आसन्न चीन भ्रमणको तयारीस्वरूप उनी चीन गएकी हुन् ।

मन्त्री राणालाई छेन्दुमा चीनको विदेश मन्त्रालयको सिचुआन प्रान्तीय डेपुटी डाइरेक्टर जनरल लि हुछियाङ र चीनका लागि नेपाली राजदूत डा. कृष्णप्रसाद ओलीले स्वागत गरेको उनको सचिवालयले जनाएको छ । भ्रमणका क्रममा मन्त्री राणाले चिनियाँ विदेशमन्त्री वाङ यीसँग द्विपक्षीय भेटवार्ता गर्ने छिन् । उक्त भेटवार्ता आज शुक्रबार चीनको छेन्दु सहरमा नै हुने छ ।

स्थानीय तह उपनिर्वाचन

## जनमत परीक्षणको घडी निकट

■ जेबी योञ्जन




**काठमाडौं–** दलीय जनमत परीक्षण हुने ठानिएको स्थानीय तह उपनिर्वाचनको मौन अवधि सुरू भएको छ । मतदानको ४८ घण्टा अघिदेखि मौन अवधि लागू हुने निर्वाचन कानुनमा उल्लेख भएअनुसार बिहीबार राति १२ बजेदेखि मौन अवधि सुरु भएको हो ।

मौन अवधिमा दल र उम्मेदवारले मतदातालाई प्रभावित पार्नेगरी कुनै पनि खालका क्रियाकलाप गर्न नपाइने निर्वाचन आयोगकी प्रवक्ता नीता पोखरेल अर्यालले बताइन् । उनले प्रभावसँग भनिन्, 'मौन अवधिमा आचारसंहिताविपरीतका गतिविधि भए कारबाही हुन्छ ।'

मौन अवधिमा दल र उम्मेदवारलाई छलफल, अन्तरक्रिया, सभा, सम्मेलन, कार्यशाला गोष्ठीलगायत कुनै पनि क्रियाकलाप गर्न आयोगले रोक लगाएको छ । सामाजिक सञ्जाल, सञ्चारमाध्यमलगायत अन्य उपायबाट राजनीतिक दल, उम्मेदवारको पक्ष-विपक्षमा सन्देश, सूचना र प्रचारप्रसार सामग्री राख्न र सेयर गर्न पनि रोक लगाएको छ । निर्वाचन आचारसंहिताअनुसार मतदान केन्द्रको ३०० मिटर वरिपरि राखिएका आ-आफ्ना निर्वाचन चिह्न तथा प्रचारप्रसारका सामग्री हटाउनुपर्छ । यसो गरिए स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन हुने आयोगले जनाएको छ ।

उपचुनावअन्तर्गत मतदान आगामी आइतबार (मंसिर १६) हुँदै छ । ४१ पदका लागि हुने उपचुनावमा ३७६ जना उम्मेदवार प्रतिस्पर्धामा छन् । कूल २० वटा राजनीतिक दलका उम्मेदवारबाहेक १०२ स्वतन्त्र उम्मेदवार प्रतिस्पर्धामा छन् । मतदानका लागि दुई लाख २६ हजार मतदाता सहभागी हुने भएका छन् ।



- उपचुनावअन्तर्गत मौन अवधि सुरु
- चुनावी सभा र घरदैलो अभियान सम्पन्न
- मौन अवधिमा आचारसंहिता तोडिए कारबाही
- कतै गठबन्धन त कतै एक्लाएक्लै लड्दै दलहरु

उपचुनावमा आफ्ना उम्मेदवारलाई जित दिलाउन राजनीतिक दलहरूले बिहीबार उपचुनाव हुने क्षेत्रमा सभा गरेका छन् । आफ्ना पार्टीका उम्मेदवार हरूलाई मत दिन मतदातासँग अपिल गरेका छन् । स्वतन्त्र उम्मेदवारहरू पनि घरदैलो अभियानमा निस्किए । मतदातासँग मत मागे ।

यस उपनिर्वाचनमा नगरपालिकातर्फ प्रमुख पदका लागि काठमाडौंको कीर्तिपुर नगरपालिकामा मात्रै चुनाव हुँदै छ । यहाँ प्रमुख पदका लागि २० जनाको उम्मेदवारी परेको छ । नेपाली कांग्रेसबाट कृष्णमान डंगोल, नेकपा एमालेबाट डा. सुरेन्द्र मानन्धर, नेकपा माओवादी केन्द्रबाट प्रा.डा. शिवशरण महर्जन र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट ध्रुव महर्जन उम्मेदवार छन् । जनता समाजवादी पार्टी नेपालबाट दीपक महर्जन, नेकपा एकीकृत समाजवादीबाट भानु रिजाल, नेपाल समाजवादी पार्टीबाट दिलकुमार महर्जन, नेपाल मजदुर किसान पार्टीबाट श्रीकृष्ण महर्जन, जनमतबाट केशव श्रेष्ठ उम्मेदवार छन् ।



> मौन अवधिमा आचारसंहिताविपरीतका गतिविधि भए कारबाही हुन्छ ।
>
> ■ नीता पोखरेल अर्याल
> प्रवक्ता, निर्वाचन आयोग

प्रमुख पदको प्रतिस्पर्धामा स्वतन्त्र १० जना उम्मेदवार छन् । उनीहरू राजमान महर्जन, नवरथकुमार बानियाँ, रामकृष्ण महर्जन, मिम महर्जन, प्रेमबहादुर महर्जन, दिनेशकुमार अधिकारी, नरेश श्रेष्ठ, धर्मरत्न मानन्धर, कविकुमार महर्जन, नरेशराज पाण्डे र आनन्द महर्जन हुन् । यहाँ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) चुनावी मैदानमा छैन । स्रोतका अनुसार यहाँ रास्वपाले माओवादी उम्मेदवार महर्जनलाई सहयोग गर्ने भएको छ ।

वि.सं. २०५४ र २०७४ मा यहाँ एमालेले चुनाव जितेको थियो । तर, २०७९ मा कांग्रेसले जित्यो । यसपटक एमाले पुरानो विरासत फर्काउने पक्षमा छ । कांग्रेस जितलाई निरन्तरता दिने दाउमा छ । रास्वपाको अघोषित समर्थनमा माओवादी पहिलोपटक विजयको झण्डा फहराउने ध्याउन्नमा छ ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

## वैदेशिक रोजगार व्यवसायीलाई विभागको सातबुँदे निर्देशन

■ प्रभाव संवाददाता




**काठमाडौं–** वैदेशिक रोजगार विभागले म्यानपावर कम्पनीलगायत वैदेशिक रोजगारसँग सम्बन्धित संस्थाहरूमाथि कडाइ गर्न थालेको छ । विभागले यही मंसिर १० गतेको निर्णय उल्लेख गर्दै एक सूचनामार्फत विभिन्न सातबुँदे निर्देशन जारी गरेको छ । विभागले सेवा प्रवाह गर्ने सम्बन्धमा आफू मातहतका अनुमतिप्राप्त वैदेशिक रोजगार व्यवसायी संस्था, स्वास्थ्य संस्था तथा पूर्वप्रस्थान अभिमुखीकरण संस्थाहरूलाई निर्देशन दिएको हो ।

निर्देशनमा संस्था दर्ता, सेयर दाखा, नामसारीलगायतमा आवश्यक पर्ने वैयक्तिक चारित्रिक विवरण, प्रहरी प्रतिवेदन नेपाल प्रहरीको सिआरएस प्रणालीमार्फत माग गर्ने, म्यानपावर कम्पनीहरूले कर्मचारी नियुक्त गर्दा कम्तीमा न्यूनतम पारिश्रमिक पाउने गरी नियुक्त गर्ने तथा कर्मचारीलाई मासिक तलबलगायतका आर्थिक भुक्तानी बैंकिङ प्रणालीमार्फत मात्र गर्ने, सामाजिक सुरक्षा कोषमा संस्था तथा कर्मचारीको अनिवार्य आबद्धता हुनुपर्ने, सञ्चालकको राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य उल्लेख गर्नुपर्ने उल्लेख गरिएको छ ।

यसैगरी कार्यालयको स्पष्ट ठेगाना उल्लेख भएको जिपिएस लोकेसनसहितको ट्र्याकसमेत गर्न मिल्नेगरी उल्लेख गर्नुपर्ने/लिंक राख्नुपर्ने, १० लाख रूपैयाँभन्दा बढीको सेयर लगत पेस गर्दा वैध आम्दानीको स्रोत खुलाउनुपर्ने साथै नयाँ दर्ता गर्दा जम्मा गर्नुपर्ने नगदका लागि आम्दानीको स्रोत खुलाइ पेस गर्नुपर्ने र सबै आर्थिक कारोबारहरू अनिवार्यरूपमा बैंकिङ प्रणालीमार्फत हुनेगरी व्यवस्था मिलाउन र कार्यान्वयन गर्न विभागले निर्देशन दिएको छ ।

क्रमशः पृष्ठ ५ मा

### बाल्कन्स् राष्ट्रहरूमा रोजगारीको अवसर खोजी



**काठमाडौं (प्रस)–** नेपाल वैदेशिक रोजगार संघ (नाफिया)ले नेपालीहरूको रोजगारीका लागि उदाउँदो श्रम गन्तव्यका रूपमा रहेका पश्चिमी बाल्कन्स् राष्ट्रहरूमा अवसरको खोजी गर्ने भएको छ । यसका लागि भर्खरै पूर्वी युरोपेली मुलुक कोसोभोको राजधानी प्रिस्टिनामा आयोजना गरिएको 'फेयर रिक्रुटमेन्ट फर माइग्रेन्ट वर्कर्स' कार्यक्रममा संघले सहभागिता जनाएको छ । उक्त कार्यक्रम जिआइजेड, आइएलओ कोसोभो र जर्मन कोअपरेसनले आयोजना गरेको बताइएको छ ।


बाल्कन्स् मुलुकहरूमा आप्रवासी कामदारको चाप नबढ्दै समयमै कसरी नेपालको कामदार भर्ना प्रक्रियालाई सरोकारवालासम्म पुऱ्याउने भन्नेबारे सोचिरहेको अवस्थामा उक्त कार्यक्रममा सहभागी हुन र आफ्ना कुरा राख्न पाउनु उपयुक्त अवसर रहेको संघका अध्यक्ष राजेन्द्र भण्डारीले बताए ।

क्रमशः पृष्ठ ५ मा

रवि लामिछानेलाई काठमाडौं ल्याइयो

## स्वर्णलक्ष्मी सहकारीको बचत अपचलनबारे बयान आज

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल प्रहरीले पोखराबाट बिहीबार साँझ काठमाडौं ल्याएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेको आज बयान हुने भएको छ । कालिमाटीस्थित स्वर्णलक्ष्मी सहकारीको रकम अपचलन आरोपमा बयानका लागि प्रहरीले लामिछानेलाई काठमाडौं ल्याएको हो ।

लामिछानेलाई काठमाडौं जिल्ला प्रहरी कार्यालय परिसर भद्रकालीमा राखिएको र अदालत खुल्नासाथ बयानका लागि लगिने तयारी गरिएको छ । काठमाडौंबाट कात्तिक २ गते पक्राउ परेका लामिछानेलाई ४१ दिनपछि प्रहरीले यहाँ ल्याएको हो । उनी काठमाडौं आइपुग्दा रास्वपा कार्याकर्ताले उनको रिहाइको माग गर्दै प्रदर्शन गरेका थिए ।

स्वर्णलक्ष्मी सहकारीको मुद्दामा उनलाई मंसिर २ गते पक्राउ पुर्जी जारी गरिएको थियो । कास्की जिल्ला अदालतले रविलाई थप १५ दिन हिरासतमा राखेर अनुसन्धान गर्ने अनुमति दिएको छ । स्वर्णलक्ष्मीले एक अर्ब ११ करोड रूपैयाँभन्दा बढी रकम अपचलन गरेको आरोप लगाउँदै २६ सञ्चालकविरुद्ध काठमाडौं जिल्लाबाट पक्राउ पुर्जी जारी भएको थियो । अदालत उनीहरूविरुद्ध वैशाख २१ गते पक्राउ पुर्जी जारी गरेको थियो ।

क्रमशः पृष्ठ २ मा

### लामिछानेमाथि कांग्रेस महामन्त्रीद्वयको प्रहार

नेपाली कांग्रेसका महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले रास्वपाका सभापति रवि लामिछानेमाथि चुनावी मञ्चबाट एकैसाथ प्रहार गरेका छन् ।

बिहीबार महामन्त्री थापाले कीर्तिपुरको चुनावी सभामा पुगेर लामिछानेलाई 'चटके'को संज्ञा दिए । 'हामी सबै खालका ठगहरूसँग लड्न चाहन्छौं, हामी सबै खालका चटकेहरूसँग लड्न चाहन्छौं,' थापाले भने, 'त्यो ठग कांग्रेसको रूखमुनि बसेको छ भने पनि त्यहाँबाट तानेर झ्यालखानामा लैजाने जिम्मेवारी हाम्रो हो । नयाँ होस् कि पुरानो होस्, सहकारी ठग्ने होस् कि मान्छेलाई झुक्याएर विदेश लैजाने मानिस होस् जतिसुकै शक्तिशाली र जुनसुकै पार्टीको होस् आज बच्ला भोलि बच्दैन हामी छौं ।'

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमश:

### जनमत परीक्षणको...

यहाँ स्वतन्त्र उम्मेदवार राजमान मानवले पनि दलीय उम्मेदवारहरूलाई कडा टक्कर दिने देखिएको छ ।

यस्तै, मोरङको ग्रामनाथ गाउँपालिकाको अध्यक्षमा एक जना स्वतन्त्रसहित १६ जनाको उम्मेदवारी छ । यहाँ कांग्रेसबाट बलराम सरदार, एमालेबाट तुल्सीराम विश्वास, माओवादी केन्द्रबाट नमोनारायण माझी, रास्वपाबाट नवीनकुमार विश्वास खवास, राप्रपाबाट दिनेशकुमार थन्दार, एकीकृत समाजवादीबाट दिलबहादुर विश्वकर्मा र जसपा नेपालबाट सुरेशकुमार राजवंशी उम्मेदवार बनेका छन् । नागरिक उन्मुक्ति पार्टीले बुद्धिचन थारु, नेमकिपाले परशुराम विश्वास थारु, मंगोल नेसनल अर्गनाइजेसनले भरत राई, जनमतले विनोदकुमार थारु, नेपाल समाजवादीले रामकुमार चौधरी, राप्रपा नेपालले राजु मुसहर, समावेशी समाजवादी पार्टीले बोधनारायण माझी र जसपा नेपालले राजवंशीलाई उम्मेदवार बनाएको छ । नमनारायण माझी स्वतन्त्र उम्मेदवार छन् । यहाँ पनि कांग्रेसले जितलाई निरन्तरता दिन चाहेको छ । एमालेले पुरानो विरासत फर्काउन जोड गरेको छ । कांग्रेसबाट पूर्ववडाध्यक्षलाई पार्टीमा भित्र्याएर माओवादीले पनि पहिलोपटक यहाँ चुनाव जित्ने कोसिस गरेको छ ।

दोलखाको गौरिशंकर गाउँपालिकाको उपाध्यक्षमा १६ जनाको उम्मेदवारी कायम छ । निर्वाचन आयोगका अनुसार सात जना दल र नौ जना स्वतन्त्र उम्मेदवार छन् । कांग्रेसले पासदिकी तामाङ, एमालेले उमा शेर्पा, माओवादीले निमलेकी शेर्पा, रास्वपाले गोमा श्रेष्ठ, राप्रपाले मनकुमारी श्रेष्ठ, एकीकृत समाजवादीले रविना खड्का र जसपाले सपना कार्की खड्कालाई उम्मेदवार बनाएको छ ।

स्वतन्त्र उम्मेदवारहरूमा अम्बिका श्रेष्ठ, मधुरा कार्की, दिलबहादुर बस्नेत, दीपक तामाङ, शिवशम्भु तामाङ, अप्सरा विश्वकर्मा, द्वारिका बुढाथोकी, पुष्प कार्की र सर्कीमा शेर्पा छन् ।

यहाँ कांग्रेसले पूर्वउपाध्यक्ष स्व. श्यामसुन्दर तामाङकै श्रीमती पासदिकीलाई उम्मेदवार बनाएर सहानुभूतिको मत प्राप्त गर्दै विजयलाई निरन्तरता दिने प्रयास गरेको छ । तर, एमाले र माओवादी कांग्रेसलाई रोक्दै आफू जित्ने पक्षमा लागेका छन् ।

उता, रुकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिकाको उपाध्यक्षमा कांग्रेस र एमालेबीच चुनावी तालमेल भएको छ । यहाँ कांग्रेसकी केशकुमारी तुलाचनलाई एमालेले समर्थन गरेको छ । जबकि, कांग्रेस महामन्त्री गगनकुमार थापा गठबन्धनको चर्का विरोधी हुन् । यतिसम्मकी कांग्रेसको महासमिति बैठकमात्रै होइन केन्द्रीय समिति बैठकबाट कांग्रेसले चुनावमा गठबन्धन गर्दैन भन्ने निर्णय नै गराएका थिए । तर, निर्णयको मसी सुक्न नपाउँदै प्रमुख विपक्षी दल माओवादीविरुद्ध दुई ठूला दल कांग्रेस र एमालेले गठबन्धन गरेर यहाँ उपचुनाव लड्दै छन् ।

यहाँ कांग्रेस-माओवादीका उम्मेदवारविरुद्ध नेकपा माओवादीले नरपुरा बुढालाई उठाएको छ । त्यस्तै, एकीकृत समाजवादीले सुनिता बुढा मगरलाई उम्मेदवार बनाएको निर्वाचन आयोगले जनाएको छ । अन्य दलबाट यहाँ उम्मेदवारी परेको छैन । स्वतन्त्र उम्मेदवार कोपिला पुन बुढा, मोहनभक्त बुढा, भीमकुमारी पुन र श्रीदेवी सुनार छन् । यसअघि माओवादीले चुनाव जितेको यहाँ एकीकृत समाजवादीले उम्मेदवारी फिर्ता लिएर माओवादी उम्मेदवारलाई समर्थन गरिसकेको छ ।

हुम्लाको सर्केगाड गाउँपालिकाको उपाध्यक्षका लागि सात जनाको उम्मेदवारी परेको छ । कांग्रेसले सविता बुढा, नेकपा एमालेले जना शाही, माओवादीले देवकी तिमल्सिना, रास्वपाले बाँचा बुढा, राप्रपाले संगीता शाहीलाई उम्मेदवार बनाउँदा स्वतन्त्ररूपमा रामसरा खड्का र नरेश शाहीको उम्मेदवारी परेको छ । यहाँ पनि माओवादीले जितलाई निरन्तरता दिन चाहेको छ । कांग्रेस, एमाले, रास्वपा, राप्रपालगायत दलले भने पहिलो जित निकाल्न चाहेका छन् ।

जाजरकोटको नलगाड उपप्रमुखका लागि हुने उपचुनावमा छ जना प्रतिस्पर्धामा छन् । कांग्रेसले इन्द्राचन्द्र सिंह, एमालेले सुनिता बोहोरा, माओवादीले देवका लामिछाने, रास्वपाले पार्वती पुन, राप्रपाले सुनिता पुन रावल र नेपाल समाजवादी पार्टीले पवित्रा जैसीलाई उम्मेदवार बनाएका छन् । यहाँ यसअघि कांग्रेसकी सरिता सिंह उपप्रमुख निर्वाचित भएकी थिइन् । तर, भूकम्पमा परी उनको निधन भयो । यसपछि हुन लागेको उपनिर्वाचनमा कांग्रेसले जितलाई निरन्तरता दिन चाहेको छ । तर, एमाले, माओवादीलगायत दलले कांग्रेसलाई रोक्दै जित निकाल्न खोजिरहेका छन् ।

दैलेखको महाबु गाउँपालिकाको अध्यक्षका लागि सात जनाको उम्मेदवारी परेको छ । यहाँ सबै दलबाट मात्रै उम्मेदवार छन् । कांग्रेसले झलकबहादुर भण्डारी, एमालेले जंगबहादुर शाही, माओवादीले जंगबहादुर बराल मगर, रास्वपाले प्रकाशकुमार बुढा, राप्रपाले सुर्जे रावत र नेपाल मजदुर किसान पार्टी (नेमकिपा)ले दुर्गाबहादुर मगरलाई उम्मेदवार बनाएका छन् । यहाँ कांग्रेसबाट यसअघि लछुमन गुरुङ निर्वाचित भएका थिए । तर, उनको निधनपछि हुन लागेको निर्वाचनमा कांग्रेसले युवा नेतालाई अघि सारेर चुनाव जित्न चाहेको छ । अन्य दलले भने यसपटक कांग्रेसलाई पराजित गर्दै जित दर्ता गर्न खोजिरहेका छन् ।

यस्तै, बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकाको उपाध्यक्षका लागि पनि सबै जना दलीय र महिला उम्मेदवार छन् । कांग्रेसले पुल्तीसरा शाही, एमालेले सुलोचनाकुमारी भण्डारी, माओवादीले राजुकुमारी विक, राप्रपाले सुनादेवी थापा भोटे र एकीकृत समाजवादीले जवा शाहीलाई उम्मेदवार बनाएको छ । तर, यहाँ माओवादी उम्मेदवार र गाउँपालिका कमिटीले एमाले उम्मेदवार भण्डारीलाई समर्थन गरेको छ । पार्टी केन्द्रले पनि अस्वीकार गरेको छ । बरु, एकीकृत समाजवादीकी उम्मेदवार शाहीलाई समर्थन गर्न निर्देशन दिएको छ । यहाँ गत निर्वाचनमा कांग्रेसले जित निकालेको थियो ।

■■■

### स्वर्णलक्ष्मी सहकारीका...

पक्राउ पुर्जी जारी भएकामध्ये गितेन्द्रबाबु (जिबी) राई र उनको समूह भने पक्राउ परेका छैनन् । यसअघि पूर्वडिआइजी छविलाल जोशी र कुमार रम्तेललाई पनि प्रहरीले काठमाडौं ल्याएर बयान लिएको थियो । लामिछानेविरुद्ध साहारा चितवन सहकारी ठगी प्रकरणमा पनि पक्राउ पुर्जी जारी भएको छ । उक्त सहकारीले २७ करोड ६५ लाख ८४ हजार रूपैयाँ अपचलन भएको भन्दै मुद्दा दायर गरेको थियो । यसअघि लामिछानेविरुद्ध बुटवलको सुप्रिम सहकारी ठगी प्रकरणमा पनि पक्राउ पुर्जी जारी भएको र बयान भइसकेको छ ।

सुप्रिममा वचतकर्ताको ८६ करोड १८ लाख २३ हजार रकम अपचलन गरेको अभियोग छ । सूर्य थापा नेतृत्वको संसदीय छानबिन समितिले भदौ ३१ मा प्रतिवेदन बुझाउँदै लामिछानेमाथि अनुसन्धान गर्न सिफारिस गरेको थियो । पोखराको सूर्यदर्शन, बुटवलको सुप्रिम, काठमाडौंको स्वर्णलक्ष्मी, चितवनको साहारा, वीरगञ्जको सानोपाइला सहकारीबाट आठ अर्ब रूपैयाँभन्दा बढी अपचलन गरेको अभियोग उनी साझेदार रहेको गोर्खा मिडियालाई छ । संसदीय छानबिन समितिले प्रतिवेदन बुझाएसँगै लामिछानेलाई कात्तिक २ गते पार्टी कार्यालय वनस्थलीबाट पक्राउ गरी पोखरा लगिएको थियो । उनीमाथि सहकारी ठगी, संगठित अपराध, सम्पत्ति शुद्धीकरणको कसूरमा अनुसन्धान भइरहेको छ ।

■■■

### लामिछानेमाथि कांग्रेस...

त्यसैगरी थापाले माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले हरेक हप्ता कांग्रेस सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बदिदिन आग्रह गरेको दाबीसमेत गरे । 'अहिले भर्खर प्रचण्डले कीर्तिपुरमै बोलेर जानुभएछ, यो-यो कारणले गर्दा सरकार बदलियो,' कीर्तिपुरमा बिहीबार कांग्रेसले गरेको चुनावी सभामा बोल्दै महामन्त्री थापाले भने, 'कांग्रेस अहिले पनि संसदको सबैभन्दा ठूलो पार्टी हो । अहिले पनि प्रचण्डले हप्तामा एक पटक कांग्रेसलाई खबर पठाउनुहुन्छ, लौ न प्रधानमन्त्री बनिदिनुपर्‍यो भनेर ।'

यता अर्का महामन्त्री शर्माले कुनै पनि राजनीतिक दलहरू कहिल्यै पनि स्वतन्त्र हुन नसक्ने बताए । 'स्वतन्त्र भन्नेखालको बनिदिउँ न त भन्ने खालको मनोविज्ञान पनि मानिसहरूमा आए । मनोविज्ञानलाई क्यास गर्नका लागि, त्यसलाई भजाउनका लागि एउटा दलले आफ्नो नामै स्वतन्त्र राखिदियो । यदि मान्छे स्वतन्त्र हुन्छ त त्यो दलको हुँदैन । यदि कोही मान्छेले दल बनाउँछ त त्यो दल हो भने स्वतन्त्र हुँदैन । तर, ठगी कहाँसम्म भयो भन्दा दलको नाम पनि स्वतन्त्र राखेर नागरिकको भावना र असन्तुष्टिलाई क्यास गर्ने प्रयास गरियो,' रास्वपालाई लक्षित गर्दै उनले भने ।


युएईमा रोजगार — कम्पनी : FERROPAN OILFIELD SERVICES & SUPPLIES LLC

पूर्व स्वीकृति मिति : २०८१/०८/१३ | LT. No. 314523 | चलानी नं. ६०२२८८६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 6G Welder | 3 | 0 | 1800 | ६६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Grinder | 5 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 3 | Heavy Vehicle Driver | 3 | 0 | 2000 | ७३,३३५ | | | | | | | |
| 4 | Labour | 45 | 0 | 900 | ३३,००० | | | | | | | |
| 5 | Light Driver (GCC Return) | 3 | 0 | 2000 | ७३,३३५ | | | | | | | |
| 6 | Mason (GCC) | 15 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 7 | Pipe Fitters | 10 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 8 | Sand Blaster | 10 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 9 | Scaffolding | 15 | 0 | 1300 | ४७,६८० | | | | | | | |
| 10 | Spray Painters | 10 | 0 | 1800 | ६६,००० | | | | | | | |
| 11 | STEEL DOOR FIXER | 5 | 0 | 1300 | ४७,६८० | | | | | | | |
| 12 | Steel Fixer (Gulf Experience) | 40 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 13 | Suttering Carpenter | 14 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 14 | Tank Fabricators | 4 | 0 | 1600 | ५८,६७० | | | | | | | |
| 15 | Wall Painter | 18 | 0 | 1300 | ४७,६८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: सिराहा जिल्ला, लाहान न.पा., Excellent Training Center मा मिति: २०८१ मंसिर २२ गते (7th Dec. 2024) मा हुनेछ ।
धनुषा जिल्ला, जनकपुर उ.प.न.पा., PR Training Center मा मिति: २०८१ मंसिर २१ गते (6th Dec. 2024) मा हुनेछ ।
काठमाडौं जिल्ला, टोखा न.पा., Bahuudhsya Capital Training Center मा मिति: २०८१ मंसिर २४ गते (9th Dec. 2024) मा हुनेछ ।
सुनसरी जिल्ला, इटहरी उ.प.म.न.पा., Sunsari Training Center मा मिति: २०८१ मंसिर २१ गते (6th Dec. 2024) मा हुनेछ ।
झापा जिल्ला, दमक न.पा., Octopus Training Center मा मिति: २०८१ मंसिर २३ गते (8th Dec. 2024) मा हुनेछ ।
झापा जिल्ला, बिर्तामोड न.पा., Purwanchal Training Center मा मिति: २०८१ मंसिर २३ गते (8th Dec. 2024) मा हुनेछ ।
रुपन्देही जिल्ला, बुटवल उ.प.म.न.पा., Butwal Multiple Training Institute मा मिति: २०८१ मंसिर २३ गते (8th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Indigo Overseas Pvt. Ltd.
Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955, Mobile No.9840806449, 9823025516
E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com



ओमनमा रोजगार — कम्पनी : Fakhar Al Mdeena National LLC

पूर्व स्वीकृति मिति : २०८१/०८/१३ | LT. No. 314483 | चलानी नं. ६०२२८८४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason / Mason | 1 | 0 | 140 | ४८,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Construction Carpenter General | 1 | 0 | 140 | ४८,९७५ | | | | | | | |
| 3 | Mason General | 2 | 0 | 140 | ४८,९७५ | | | | | | | |
| 4 | Tile Layer. | 1 | 0 | 140 | ४८,९७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २१ गते (6th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४
Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



साउदीमा रोजगार — कम्पनी : FAL AL-SHAMAL TRANSPORT EST.

पूर्व स्वीकृति मिति : २०८१/०८/१२ | LT. No. 314368 | चलानी नं.६०२२८८३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCKS DRIVER | 2 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Modern Homes Masterpieces factory for Industry

पूर्व स्वीकृति मिति : २०८१/०८/१२ | LT. No. 314237 | चलानी नं.६०२२८८३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 2 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २१ गते (6th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. (Kumari Overseas Services Pvt. Ltd.)
श्रम ईजाजत नं. ३३६/०५९/०६०
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4111286, 4111287 Fax : +977 1 4112590



साउदीमा रोजगार — कम्पनी : SARI EMIRATES CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८१/०५/१९ | पून: विज्ञापन स्वीकृति मिति : २०८१/०८/१३ | LT. No. 310190 | चलानी नं. ६०२२१२६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 1 | 0 | 1800 | ६४,५३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २१ गते (6th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



साउदीमा रोजगार — कम्पनी : AOUN BUSINESS ESTABLISHMENT GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/०८/१३ | LT. No. 314559 | चलानी नं. ६०२२८८७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING AND UNLOADING | 2 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २१ गते (6th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Cosmo International Overseas Pvt. Ltd. (Overseas Employment Consultants)
Govt. License 280/058/059
Minbhawan, Kathmandu, Nepal, Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn



साउदीमा रोजगार — कम्पनी : Factory ADIL BEN FAHAD BEN NACEUR AL-BHDULKARIM for clothes

पूर्व स्वीकृति मिति : २०८१/०८/१३ | LT. No. 314507 | चलानी नं. ६०२२८८७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 6 | 0 | 1500 | ५३,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २१ गते (6th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.
श्रम ईजाजत नं. १०५०/०७३/०७४
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653
Website: www.earthsmart-nepal.com Email : earthsmarthrn@gmail.com



कुवेतमा रोजगार — कम्पनी : Al-Bait Al-Baghdadi Restaurant Company

पूर्व स्वीकृति मिति : २०८१/०५/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१३ | LT. No. 309897 | चलानी नं. ६०२२४५४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER (MALE) | 3 | 0 | 100 | ४३,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | KITCHEN HELPER (INDOOR) | 4 | 0 | 100 | ४३,७९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २१ गते (6th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Dubai Overseas International Pvt. Ltd.
श्रम ईजाजत नं. ७५१/०६४/०६५
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

शुक्रबार, १४ मंसिर, २०८१

- **मेष** दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ ।
- **वृष** अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता ।
- **मिथुन** पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ ।
- **कर्कट** अरूको करकापमा काम गर्न बाध्य ।
- **सिंह** सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने ।
- **कन्या** सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने ।
- **तुला** सफलताले हौसला, विशेष काममा जग बसाउने ।
- **वृश्चिक** रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ ।
- **धनु** दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना ।
- **मकर** नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने ।
- **कुम्भ** सुखद समाचारले मनको डर उत्साहमा रूपान्तरण ।
- **मीन** फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१४ मंसिर, २०८१ (२९ नोभेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.६३ | १३५.२३ |
| युरो | १ को | १४१.४८ | १४२.११ |
| पाउन्ड स्टिर्लङ | १ को | १६९.३० | १७०.०६ |
| स्विस फ्रैन्क | १ को | १५१.९३ | १५२.६० |
| अस्ट्रेलियन डलर | १ को | ८७.३० | ८७.६९ |
| क्यानाडियन डलर | १ को | ९५.५० | ९५.९२ |
| सिङ्गापुर डलर | १ को | ९९.९५ | १००.३९ |
| जापानी येन | १० को | ८.७५ | ८.७९ |
| चिनियाँ युआन | १ को | १८.५७ | १८.६५ |
| साउदी अरब रियाल | १ को | ३५.८४ | ३६.०० |
| कतारी रियाल | १ को | ३६.९३ | ३७.०९ |
| थाई भाट | १ को | ३.८८ | ३.९० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.६५ | ३६.८२ |
| मलेसियन रिङेट | १ को | ३०.२० | ३०.३४ |
| दक्षिण कोरियन वन | १०० को | ९.६३ | ९.६७ |
| स्विडिस क्रोनर | १ को | १२.२७ | १२.३३ |
| डेनिस क्रोनर | १ को | १८.९७ | १९.०५ |
| हङकङ डलर | १ को | १७.३० | १७.३८ |
| कुवेती दिनार | १ को | ४३७.५८ | ४३९.५३ |
| बहराइन दिनार | १ को | ३५७.११ | ३५८.७० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# 'हनी ट्र्याप' अभियोगमा तीन जना पक्राउ

**काठमाडौं (प्रस)**– फार्मेसी सञ्चालकलाई घाउ ड्रेसिङ गर्ने बहानामा आफ्नो कोठामा बोलाएर 'हनी ट्र्याप'मा संलग्न रहेको अभियोगमा प्रहरीले एक गिरोहलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा इलामको माई नगरपालिका-१ घर भई हाल भक्तपुरको मध्यपुर ठिमी नगरपालिका-५ नयाँठिमी बस्ने २५ वर्षीया समृद्धि मगर, काभ्रेको भुम्लु गाउँपालिका-४ कोशीपारी घर भई हाल काठमाडौं महानगरपालिका-१५ स्वयम्भू बस्ने ३० वर्षीय दिपेन्द्र दर्जी तथा काभ्रेको भुम्लु गाउँपालिका-४ कोशीपारी घर भई हाल हाल भक्तपुरको मध्यपुर ठिमी नगरपालिका-५ नयाँठिमी बस्ने २६ वर्षीय वर्षा दर्जी रहेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुका सूचना अधिकारी एवं प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए ।

उनले भने, 'आपराधिक लाभ लिने उद्देश्यले योजना बनाइ मेडिकल सेवा प्रदान गर्ने व्यक्तिलाई निज वर्षा दर्जीले घाउ ड्रेसिङका लागि अनलाइनबाट सम्पर्क गरी आफू एक्लै भएको अवस्थामा कोठामा बोलाई शारीरिक सम्पर्क भएको आरोप लगाई जबरजस्ती करणी मुद्दामा फसाइदिन्छु भनी डर त्रास देखाई १८ लाख रूपैयाँबाट बार्गेनिङ गर्दै आठ लाख रूपैयाँ दिए कुरा मिल्छ भनी रकम असुली गरेको भन्ने सूचनाका आधारमा पक्राउ गरिएको हो ।'

दर्जीले समाजिक सञ्जाल मेसेन्जरबाट खुट्टामा घाउ भई ड्रेसिङका लागि आइदिनुपर्‍यो भनी पीडित व्यक्तिलाई म्यासेज गरेको र दर्जीको कोठामा पीडित व्यक्ति जाँदा निजको खुट्टामा कुनै पनि किसिमको घाउ चोट नरहेको तथा निज दर्जीले आफ्नो ढोकाको चुकुल लगाइ पीडितलाई कोठामा राखेको खुल्न आएको प्रहरीले जनाएको छ ।

यसैगरी पीडितले ढोकाको चुकुल खोली बाहिर निस्किँदै गर्दा समृद्धि मगर भन्ने अर्को एक महिला आई पीडितसँग कुरा गर्नु छ भनी कोठाभित्र लगि जबरजस्ती करणी मुद्दामा फसाइ दिउँ वा सहमतिमा आउनुहुन्छ भन्दै घम्की दिएको प्रहरीको भनाइ छ ।

# 'हिउँ चितुवा संरक्षणमा लगानी बढाउनुपर्छ'

काठमाडौं (प्रस)- वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले हिउँ चितुवा संरक्षणमा लगानी बढाउनुपर्नेमा जोड दिएका छन् । बिहीबार हिउँ चितुवाको संरक्षण तथा यसको अध्ययन र अनुसन्धानमा प्रवर्द्धन गर्ने उद्देश्यले यहाँ आयोजित गोष्ठीमा उनले हिउँ चितुवा दुर्लभ बन्दै गइरहेकाले यसको संरक्षणका लागि लगानी बढाउनुपर्ने बताए ।

मन्त्री शाहीले नेपालमा हिउँ चितुवाको बसोबास क्षेत्र, उसको बानी व्यवहार र संरक्षण रणनीतिका बारेमा गहन अनुसन्धान गर्दै लगानी गर्नुपर्ने अवस्था रहेको उल्लेख गरे । उनका अनुसार हिउँ चितुवा संरक्षण सफल बनाउन र द्वन्द्व कम गराउन संरक्षणमा स्थानीय समुदायको सहभागिता सुनिश्चित हुनुपर्ने देखिन्छ ।

'संघीय सरकारले हिउँ चितुवासहित अन्य जीव संरक्षणका लागि स्थानीय साझेदारी आवश्यक पर्ने निष्कर्ष निकाल्दै समुदायसँग मिलेर संरक्षणका काम गर्नेगरी कार्ययोजना बनाएका छौं। हालै हिउँ चितुवा संरक्षण कार्ययोजना २०२४-२०३० जारी गरेका छौं,' मन्त्री शाहीले भने । कार्ययोजनामा यो प्रजातिको संरक्षणका लागि गरिनुपर्ने कार्य, भावी रणनीति, कार्यनीति र क्षमता अभिवृद्धि, बासस्थान सुधारलगायत विषय समावेश गरिएको उनले जानकारी दिए ।

'हिउँ चितुवाको संरक्षण गर्नु भनेको केवल वन्यजन्तु संरक्षणमात्र नभई जलवायु परिवर्तनको चुनौती सामना गर्न, हिमाली पर्यावरणीय प्रणालीलाई सुदृढ बनाउन स्थानीय समुदायको जीवनस्तर सुधार गर्न पनि मद्दत गर्छ,' मन्त्री शाहीले भने । नेपालको हिमाली क्षेत्र जैविक विविधतामा धनी रहेको उल्लेख गर्दै उनले वनस्पतिमा यार्सागुम्बा, चरामा डाँफेदेखि वन्यजन्तुमा हिउँ चितुवासम्म नेपालका हिमाली भेगमा पाइने जानकारी दिए ।

'तराईमा बाघ र हिमालमा हिउँ चितुवा हाम्रो पहिचान झल्काउने सूचक हुन् । हिमालको सांस्कृतिक, पर्यावरणीय र जैविक सम्पत्तिका रूपमा हिउँ चितुवालाई लिइँदै आएको छ । बासस्थान विनाश, चोरी शिकार, मानवसँगको द्वन्द्व, जलवायु परिवर्तन यसका सत्रु बनेका छन्,' वनमन्त्री शाहीले भने, 'हिमाली क्षेत्रमा हिउँ चितुवाले घरमा पालेका भेडा, गाईवस्तु तथा पशुचौपाया खाएका विषय आइरहेका हुन्छन् । मन्त्री शाहीले संसारकै दुर्लभ प्रजातिभित्र पर्ने हिउँ चितुवा नेपाल र चीनसहित विश्वका १२ मुलुकमा पाइने जनाउँदै विश्वमा पाइने हिउँ चितुवामध्ये नेपालमा १० प्रतिशत पाइने अनुमान गरिएको बताए । उनका अनुसार यसको बासस्थान नेपालको ३० हजार वर्गकिलोमिटर अनुमान गरिएकामा ५८ प्रतिशत संरक्षित क्षेत्रभित्र पर्दछन् ।

नेपाल सरकारले हिउँ चितुवा संरक्षणका लागि विभिन्न प्रयास गर्दै आएको छ । सन् २०१५ लाई हिउँ चितुवा संरक्षण वर्ष भनेर घोषणा गरी संरक्षित जीवको सूचीमा राखिएको छ। निकुञ्ज ऐनले पनि यसको चोरी शिकारमा बन्देज लगाएको छ। हिमालय पर्वतीय शृंखलाको संरक्षण गर्न एउटा देशले मात्रै नभएर अन्तरदेशीय सहकार्य आवश्यक रहेकामा जोड दिँदै उनले यस किसिमको सहकार्यले अनुसन्धान प्रवर्द्धन गर्ने धारणा राखे ।


## युएइमा रोजगार

कम्पनी : BALCON TECHNICAL WORKS - L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०८/१२ | LT. No. 314377 | चलानी नं. ६०२२८७२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 1 | 0 | 1400 | ५१,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Pipefitter | 1 | 0 | 1300 | ४७,८५० | | | | | | | |
| 3 | Tile Fitter | 1 | 0 | 1300 | ४७,८५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २१ गते (6th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

BIGYAN Govt. License 1503/074/75

BIGYAN HR MANAGEMENT PVT. LTD.

Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477

## साउदीमा रोजगार

कम्पनी : United Industrial Refreshments Company

पूर्व स्वीकृति मिति : २०८१/०८/१३ | LT. No. 314580 | चलानी नं. ६०२२८९१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging Operator | 1 | 0 | 2000 | ७१,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plastic Injection Machine Operator | 1 | 0 | 2000 | ७१,७१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २१ गते (6th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


ERN EXPRESS Govt. License No. 1613/079/080

EXPRESS RECRUITER NEPAL PVT. LTD

Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

## साउदीमा रोजगार

कम्पनी : Atlal Al Jazeera Contracting Company

पूर्व स्वीकृति मिति : २०८१/०८/१३ | LT. No. 314577 | चलानी नं. ६०२२८८९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 12 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २१ गते (6th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Elite Gurkhas Overseas Pvt. Ltd. | श्रम इजाजत नं.५३५/०६१/०६२

Gongabu Town Planning-29 Kathmandu, Nepal, Tel.: +977-1- 4975567, 4975568, E-mail: info@elitegurkhas.com.np, Web: www.elitegurkhas.com.np

## साउदीमा रोजगार

कम्पनी : Foundation Founding of Excellence General Contracting

पूर्व स्वीकृति मिति : २०८१/०८/१३ | LT. No. 314558 | चलानी नं. ६०२२८८४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 5 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २१ गते (6th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Felicity International Employment Agency Pvt.Ltd.

P.O.Box: 11603, Samakhushi-03, Jaldhara Marg, Jhilimili Tole, Kathmandu

Tel: + 977-1-4950794 Fax : +977-1-4956420, Email: felicity@infoclub.com.np

Govt. License 226/058/059

## साउदीमा रोजगार

कम्पनी : Ibrahim Mohammed Al Whaibi For Trading and General Contracting Co.

पूर्व स्वीकृति मिति : २०८१/०५/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१३ | LT. No. 309727 | चलानी नं. ६०२२४३५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver(Trailer/Truck Mixer) | 7 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २१ गते (6th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


GREAT NEPAL H.R PVT.LTD.

Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000220, 9705000221

E-mail : infogreatnepalhr@gmail.com, Web: www.greatnepalhr.com.np

Govt. License No. 1688/080/081


## सर्टिफिकेट हराएको सूचना

मिति: २०८१/०६/२८ गते कोटेश्वरदेखि बानेश्वरसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको **Character certificate** हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : बबिता कटुवाल**
**CTEVT रजिस्ट्रेसन.नं.: HA-6641-10**
**ठेगाना.: नयाँ बानेश्वर, काठमाडौं**
**सम्पर्क: ९८४९७८१५९२**

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान

## राष्ट्रिय ट्रमा सेन्टर

महांकाल काठमाडौं

### बिद्युतीय बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति: २०८१/०८/१४ गते)

चालू आ.ब. २०८१/०८२ मा यस अस्पतालको लागि आवश्यक पर्ने तपशीलमा उल्लेखित ईक्युपमेन्ट विद्युतीय बोलपत्रको माध्यम (e–bidding) बाट खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक फर्म/कम्पनीहरु खरिद प्रक्रियामा सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | बोलपत्र नं. | विवरण | फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| 1. | NTrC/G/NCB/14-081/82 | Supply, Delivery and Installation of High End Anesthesia Workstation For Emergency Operation Theatre | 3,000/- | 1,60,000/- | Single Stage: Two Envelope |
| 2. | NTrC/G/NCB/15-081/82 | Supply, Delivery and Installation of ICU and Emergency Equipment's Package | 3,000/- | 1,45,000/- | Single Stage: Two Envelope |

**विस्तृत जानकारीको लागि:-** Visit WebsiteM www.bolpatra.gov.np/egp तथा कार्यालय समय भित्र यस अस्पतालको फोन नं. ०१-४२२४९२८ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

**प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट**

## तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरूरी सूचना

प्रकाशित मिति २०८१/०८/१४

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेण्ट मेगा बैंक (साबिक नेपाल ईन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)बाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना व्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ । अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वितीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वितीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको सम्पति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणी तथा व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण | क्र.सं. | ऋणी तथा व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण |
|---|---|---|---|
| १. | **ऋणी : माउण्ट एभरेष्ट रौतहट एजुकेशन फाउण्डेसन प्रा.लि. (विविध कर्जा) शाखा कार्यालय हरिवन**<br>दर्ता नं. : ६०१९७/०६५/०६६, ठेगाना : चन्द्रनिगाहपुर ०१, रौतहट<br>**व्यक्तिगत जमानीकर्ताहरु**<br>**१. उमेश प्रसाद बास्कोटा** (ना.प्र.नं. १९९३, मिति २०४२/०४/०४ मा जि.प्र.का मकवानपुरबाट जारी भएको)<br>बाबु : रामजी प्रसाद बास्कोटा, बाजे : खडानन्द बास्कोटा<br>**२. कल्पना ईटेनी** (ना.प्र.नं. ७६८१, मिति २०४४/०४/०५ मा जि.प्र.का. मकवानपुरबाट जारी भएको)<br>पति : उमेश प्रसाद बास्कोटा, ससुरा : रामजी प्रसाद बास्कोटा<br>**३. माधव लाल श्रेष्ठ** (ना.प्र.नं. ६६१/७७३२, मिति २०४५/०१/३१ मा जि.प्र.का सर्लाहीबाट जारी भएको)<br>बाबु : पूर्ण बहादुर श्रेष्ठ, बाजे : इन्द्र बहादुर श्रेष्ठ<br>**४. अच्युत प्रसाद होमागाई** (ना.प्र.नं. १३१९, मिति २०३९/०९/०७ मा जि.प्र.का काभ्रेबाट जारी भएको)<br>बाबु : कुल प्रसाद होमागाई, बाजे : नरहरि होमागाई<br>**५. अनन्त कुमार अधिकारी** (ना.प्र.नं. १८३०, मिति २०५४/०८/२३ मा जि.प्र.का रौतहटबाट जारी भएको)<br>बाबु : राम प्रसाद अधिकारी, बाजे : टिका प्रसाद अधिकारी<br>**६. मुकेश श्रेष्ठ** (ना.प्र.नं. १९२०८९/११०७, मिति २०६८/०२/०२ मा जि.प्र.का सर्लाहीबाट जारी भएको)<br>बाबु : माधव लाल श्रेष्ठ, बाजे : पूर्ण बहादुर श्रेष्ठ | २. | **ऋणीहरु : क) समिर प्रसाद उप्रेती र भिम कुमारी उप्रेती (धितो अधिविकर्ष कर्जा)- शाखा कार्यालय हरिवन**<br>ठेगाना : हरिवन न.पा. ०९, सर्लाही<br>**१. समिर प्रसाद उप्रेती** (ना.प्र.नं. ३६४१११५७, मिति २०५८/०७/१६ मा जि.प्र.का सर्लाहीबाट जारी भएको)<br>बाबु : डिल्ली प्रसाद उप्रेती, बाजे : खडानन्द उप्रेती<br>**२. भिम कुमारी उप्रेती** (ना.प्र.नं. १९९३/३६४१२२२६, मिति २०३९/०१/०९ मा जि.प्र.का. सर्लाहीबाट जारी भएको)<br>पति : डिल्ली प्रसाद उप्रेती, ससुरा : खडानन्द उप्रेती<br>**ख) समिर प्रसाद उप्रेती, डिल्ली प्रसाद उप्रेती र भिम कुमारी उप्रेती (धितो कर्जा)- शाखा कार्यालय हरिवन**<br>ठेगाना : हरिवन न.पा. ०९, सर्लाही<br>**१. समिर प्रसाद उप्रेती (ऐ.ऐ.)**<br>बाबु : डिल्ली प्रसाद उप्रेती, बाजे : खडानन्द उप्रेती<br>**२. डिल्ली प्रसाद उप्रेती** (ना.प्र.नं. ३६४१७९७१, मिति २०४६/०१/०९ मा जि.प्र.का सर्लाहीबाट जारी भएको)<br>बाबु : खडानन्द उप्रेती, बाजे : यज्ञ नाथ उप्रेती<br>**३. भिम कुमारी उप्रेती (ऐ.ऐ.)**<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. डिल्ली प्रसाद उप्रेती (ऐ.ऐ.)**<br>**२. बिनिता नेपाल** (ना.प्र.नं. ४४९७२, मिति २०६३/०९/१३ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको)<br>पति : समिर प्रसाद उप्रेती, ससुरा : डिल्ली प्रसाद उप्रेती |
| ३. | **ऋणीहरु : क) ओम जय भोले शंकर ईन्टरप्राइजेज (विविध कर्जा)- शाखा कार्यालय विरगंज**, प्रा.फ.र.नं : ३५५९९/०७४/७५, ठेगाना : विरगंज १९ बिन्दवासिनी, पर्सा<br>**ख) जय भोले अमरनाथ इन्टरप्राइजेज (विविध कर्जा)- शाखा कार्यालय विरगंज**, प्रा.फ.र.नं : ३९००२/०७६/७७<br>ठेगाना : विरगंज १९ बिन्दवासिनी, पर्सा<br>**ग) बृज किशोर प्रसाद कलवार,श्याम सुन्दर प्रसाद कलवार, सुरसती कलवारीन (विविध कर्जा)**<br>ठेगाना : विरगंज ०७ विन्दवासिनी, पर्सा<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. पिंकी गुप्ता** (ना.प्र.नं. १०२०/१८२, मिति २०६७/०४/०६ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>पति : बृज किशोर प्रसाद कलवार, ससुरा : प्रेम प्रसाद कलवार<br>**२. रिन्कु देवी कलवारीन** (ना.प्र.नं. ४५१३, मिति २०६०/०९/३० मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>पति : श्याम सुन्दर प्रसाद कलवार, ससुरा : प्रेम प्रसाद कलवार<br>**३. बृज किशोर प्रसाद कलवार** (ना.प्र.नं. ०८६२२३४८, मिति २०६०/०१/०३ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : प्रेम प्रसाद कलवार, बाजे : गोरख साह कलवार<br>**४. श्याम सुन्दर प्रसाद कलवार** (ना.प्र.नं. ३४०८६२२१७५, मिति २०५५/०५/१० मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>बाबु : प्रेम प्रसाद कलवार, बाजे : गोरख साह कलवार<br>**५. सुरसती कलवारीन** (ना.प्र.नं. ०८६२०९५८, मिति २००४/०१/०६ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>पति : प्रेम प्रसाद कलवार, ससुरा : गोरख साह कलवार | ४. | **ऋणी : रुपाकोट स्टोर्स (विविध कर्जा) शाखा कार्यालय गगनगौडा**, प्रा.फ.र.नं. : २२८२६/०७७/०७८<br>ठेगाना : पोखरा म.न.पा. २९, कास्की<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. तुलाराम गुरुङ्ग** (ना.प्र.नं. ३५६९४, मिति २०५२/०५/२६ मा जि.प्र.का. कास्कीबाट जारी भएको)<br>बाबु : खड्क बहादुर गुरुङ्ग, बाजे : गंमर सिं गुरुङ्ग<br>**२. रूपा गुरुङ्ग** (ना.प्र.नं. ४६३०२७/२५९, मिति २०६३/१०/१५ मा जि.प्र.का. कास्कीबाट जारी भएको),<br>पति : तुलाराम गुरुङ्ग, ससुरा : खड्क बहादुर गुरुङ्ग |

नेपाल सरकार
उर्जा, जलश्रोत तथा सिचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
महाकाली सिचाइ व्यवस्थापन कार्यालय
महेन्द्रनगर, कंचनपुर

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति: २०८१/०८/१४ (शुक्रबार)

यस कार्यालयबाट मिति २०८१/०६/२० गते "प्रभाव" राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र सम्बन्धि सूचना अनुसार दाखिल हुन आएका बोलपत्रहरूको मुल्यांकन गर्दा तपसिल बमोजिमको बोलपत्र न्युनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनार्थ बोलपत्रहरूको सम्बन्धित सबै बोलपत्रदाताहरूलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.स | ठेक्का न. | निर्माण कार्यको विवरण | बोलपत्र दाताको नाम | कबोल रकम रु. |
|---|---|---|---|---|
| १ | MIMO/TMBJSP/Kanchanpur/NCB-01/081/082 | Tubewell drilling work, Pump test, Pump installation, Electrification, and Distribution System Development work in different locations of Kanchanpur District | Seti Mahakali Drilling and Construction Pvt. Ltd, Bheemdatta-17, Kanchanpur | Rs. 2,44,98,190.21 |
| २ | MIMO/TMBJSP/Kailali-2/NCB-03/081/082 | Tubewell drilling work, Pump test, Pump installation, Electrification, and Distribution System Development work in different locations of Kailali (South) District | Jay Shree Balaji Nirman Tatha Drilling Pvt Ltd, Dhangadhi-3, kailali | Rs. 1,95,88,447.43 |
| ३ | MIMO/TMBJSP/Bardiya/NCB-04/2081/082 | Deep Tube Well drilling, Well development work, and Pump Test work in different locations of Bardiya district. | Sushil construction, Nepalgunj-2, Banke | Rs. 2,02,52,547.04 |
| ४ | MIMO/TMBJSP/Banke/NCB-05/081/082 | Deep tube well Drilling, Well development, and Pump test work in different locations of Banke district. | Sushil construction, Nepalgunj-2, Banke | Rs. 1,59,80,304.84 |

कार्यालय प्रमुख

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### जहिल्यै जम्बो टोली

प्रधानमन्त्री केपी शर्मा ओली मंसिर १७ गते चीन भ्रमणमा जाँदै छन् । चीन भ्रमणको एजेण्डा अहिलेसम्म टुंगो छैन । केही नभएपछि सरकारले अहिले जबरजस्ती बिआरआई परियोजनालाई चर्चामा ल्याएको छ । चिनियाँ चासो भन्दै प्रधानमन्त्री ओलीसहित वामपन्थी दल यो कार्यान्वयनमा अघि बढ्नुपर्ने भन्दै एक कदम अघि सरेको देखिन्छ भने नेपाली कांग्रेस ठीक यसको विपरीत उभिएको सुनिन्छ ।

यद्यपि केही हुन्न भनेर बाहिर 'फेस सेभिङ' गर्दै हिँडेका कांग्रेस नेताहरूले नै बिआरआई कार्यान्वयनका लागि चिनियाँ पक्षबाट मस्यौदा आइसकेको खुलासा गरेका छन् । कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले यसबारे बुधबार एक कार्यक्रममा खुलासा गरेपछि यो विषयले थप चर्चा पाएको हो । यद्यपि, प्रधानमन्त्री ओली आफैं भने बिआरआई परियोजना अघि बढ्ने पक्षमा देखिन्नन् । चीनको बृहत् चासोसहितको यो परियोजनालाई नेपाली पक्षले भने रेल ल्याउने विषयको रूपमा मात्र बुझेको छ ।

द्विपक्षीय सम्झौताका लागि केही विषय नभएको र भारतले निम्तो नदिएको झोकमा प्रधानमन्त्री चीन जान लागेको भन्ने चर्चा सर्वत्र छ । यो भ्रमणमा ओलीले आफूसँग ३९ जना सरकारी खर्चमा चीन लाँदै छन् । यो टोलीमा प्रधानमन्त्री पत्नी राधिका शाक्य, परराष्ट्रमन्त्री आरजु राणा देउवा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णु रिमाल, आर्थिक सल्लाहकार युवराज खतिवडा अटेका छन् । यसैगरी कांग्रेसदेखि अरु पार्टीका सांसदहरू पनि यो टीलीमा अटाइएको छ । सांसद अर्जुन नरसिंह केसी, श्यामकुमार घिमिरे, लिलानाथ श्रेष्ठ, बिजुला रायमाझी, रेखा शर्मा, वीरेन्द्रप्रसाद महतो, दीपक कार्की, सर्वेन्द्र नाथ शुक्ला, रञ्जिता श्रेष्ठ, मुख्यसचिव एकनारायण अर्याल, सचिवहरू रामप्रसाद घिमिरे, अमृतबहादुर राई (परराष्ट्र कामुसचिव) पनि टोलीमा छन् ।

यसैगरी लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सुशील ज्ञवाली, मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयका सहप्राध्यापक पद्मसुन्दर जोशी, प्रधानमन्त्रीका निजी चिकित्सक दिव्यासिंह शाह, प्रमुख स्वकीय सचिव राजेश बज्राचार्यसहित अन्य सरकारी अधिकारीहरू कृष्णप्रसाद ढकाल, विष्णुप्रसाद गौतम, मणिरत्न शर्मा, उदय पोखरेल, कमल रावल, ऋचा भट्टराई, जानकी ओझा, सुजन लामिछाने, विनोद खनाल, जयश्री शाक्य र अनिता सिंह रहने छन् ।

यता निजी क्षेत्रबाट ४८ जना यो भ्रमणका लागि चीन जाँदै छन् । प्रधानमन्त्रीले भने यति धेरै जनाको लावालस्कर भ्रमण निस्कने भएपछि बिदाइ कार्यक्रममा धेरै उपस्थित नहुन निर्देशन दिएका छन् । आफैं लावालस्कर लिएर चीन निस्कँदा यस्तो निर्देशन किन, लाज छोप्न ?

## मनन्योग्य

### चाणक्य नीति

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द ।राजा तन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ। कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ। जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे। यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा धभई भन्न लागे 'महाराज, क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हूँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

# कीर्तिपुर–चोभार आदिनाथदेखि टौदहसम्म



▪ पदम श्रेष्ठ

### सात गाउँले (न्हेगाँ) जात्रा

प्राचीनकालमा एक ऋषिले यज्ञ गर्दा परेवा उडेर बल्खुपीठको रुखमा बस्न पुगे छन् । अचानक एक व्याधाले गुलेली हान्दा परेवा ज्यान बचाउने प्रयास गर्दागर्दै यज्ञकुण्डमा इहलीला जलेर समाप्त भएछ । निर्दोष परेवाको प्राण होमिएपछि यज्ञ गरिरहेका ऋषिले बखुँ (परेवा) मन्त (मऱ्यो) भन्दै मंसिर शुक्ल दशमीका दिन पश्चातापसहित पूजा र जात्रा गर्ने परम्परा बसाएको बताइन्छ । नेपाल भाषामा बखुमन्त नै बखुँमदः भएको भनाइ छ । न्हेगाँ अर्थात् सात गाउँले जात्रा काठमाडौं दक्षिण-पश्चिममा सतुंगल, मच्छेगाउँ, बोसिगाँ, नःगाः, पाँगा, कीर्तिपुर छुट्टै राज्यमा जात्रा मनाइन्छ । जुन जात्रा मनाइँदै छ । कीर्तिपुर घुम्न जाँदा एक दिनमा भाजंगाल, चोभार आदिनाथदेखि टौदहसम्म भ्रमण गर्न सकिन्छ ।

कीर्तिपुर, नेपालमण्डल (काठमाडौं)को दक्षिण पश्चिम डाँडामाथि थुम्कोको बस्ती हो । मातातीर्थ खः वहालका सापु र ज्यापूले सुयोग्य ठाउँको खोजी गर्दै जाँदा सागाःबाट विस्तार भएको गोपाल वंशावलीमा छ । कथानुसार, एउटा गाईले रातमा गोठबाट फुत्किएर देवपत्तन पशुपतिनाथको ज्योति पुरिएको ठाउँमा दूध झारी फर्किन्थिन् रे । आश्चर्यचकित भई खनेर हेर्दा ग्वालाका सरदार जलेर भष्म भएछन् । उनै ग्वालाका वंशज भुक्तमान (भुगतमान)लाई नेमुनि (नेवार) ऋषिले नेपालको राजा बनाए भन्ने कथन छ । गोपालवंशी राजा भुक्तमानपछि जय गुप्त, परमगुप्त, भीम (हर्ष) गुप्त, भीम गुप्त द्वितीय, मणि गुप्त, विष्णु गुप्त र जय यक्ष गुप्त आठ पुस्ताले मातातीर्थबाट राज्यको उल्लेख छ । हाल पनि गोपालीबस्ती कीर्तिपुरको मच्छेगाउँ, मातातीर्थ, थानकोटहुँदै चित्लाङ पालुङसम्म पाइन्छ ।

### राजा शिवदेव तृतीय र कीर्तिपुर

ने.सं. २४३ मा राजा शिवदेव तृतीयले कीर्तिपुरका शक्ति बाघभैरवलाई केन्द्र मानी पश्चिम शैव देवीदेवता रहनेगरी शिवरत र पूर्व बौद्ध देवीदेवता रहनेगरी देवरत बसाइए । शिवरत ने.सं. ७६३ मा उमामहेश्वर बन्नुअघि दरबार रक्षार्थ किल्ला राजाकै नाउँबाट र बाघभैरवबाट पूर्व देवरत भनिए । जेहोस् शिवरततिर चाफल, सागाः कुरूवा, धांवहाल, समल, सायमीटोल, द्योढोका, डोपाछें, तौल्हीं, क्वाचो, दवू, सवाः लायकू, सतःको क्षेत्रमा शिवसम्बन्धी देवताको बाहुल्य अझै पाउन सकिन्छ । नक्सामा १४ वटा ढोका छन् । ती ढोकामा द्यो ढोका, गंःछें, बाघभैरव, चिथु, भरियापुखु, मूपुखु, वहिरिगां, न्यातप, पालिफ, साःगाः, कुरूझ्वाः, समल, सी ढोका र खांसी छन् ।

### क्वाथ उमामहेश्वर र लायकू

दरबारको डाँडामाथि तीनतले प्यागोडाशैलीयुक्त उमामहेश्वर छ । कीर्तिपुरको अग्लो मन्दिर ने.सं. ७७४ मा निर्माण भएको मानिन्छ । देश रक्षार्थ स्थापित किल्ला, क्वाथमा मन्दिर झिंगटी छाने काठ र माटोबाट बनी ठडिएको छ । उपत्यकाको दृश्यावलोकन र शीतल हावा खान पुग्नसकिने देवस्थल म तीन खण्डको भुवनमाथि माहुते चढेको र त्यसमाथि दोस्रो खुड्किलोमा ढुंगाकै भैरव-भैरवी मूर्ति उभ्याउनुले भक्तपुरे कला सिर्जनाको स्मरण गराउँछ ।

मन्दिरभित्र उमामहेश्वर र पछाडि भगवतीको मूर्ति स्थापित हुनुले यो मन्दिर शाक्त र शैवको संयुक्त तीर्थस्थल हो । यही किल्ला छेउ राजा शिवदेव तृतीयको राज्यकालमा रहेको लायकू दरबारका भग्नावशेष छन् भने यही दरबारमा नै कीर्तिपुरको अन्तिम मल्ल राजा ज्ञानप्रजा मल्ल र कीर्तिलक्ष्मी रानीले गोरखाका राजा पृथ्वीनारायण शाहविरूद्ध तीनपल्टसम्म जित्ने रणनीतिस्थल हो ।

### नेवार सांस्कृतिक केन्द्र नेपाल भाषा एकेडेमी

नेवार एउटै जाति, नश्ल, धर्ममा आधारित जात होइन । तर नेवार भाषा र संस्कृतिले एक छ । त्यसैले त नेपाल भाषाका महाकवि सिद्धिदास महाजु लेख्छन्- भाषा भ्वासा जाति स्वाई अर्थात् भाषा बाँचे जाति बाँच्छ । यही भावना साट्दै जनकवि दुर्गालाल लेख्छन्-

*झिगु भाषा मन्त धासा, गय थ्व नेपाः झिगु जुई,*
*थगुदेय् परदेश याका, स्वायगु न सिइगु जुई*

आफ्नो भाषा नरहे नेपाल कसरी हाम्रो रहन्छ ? मातृभाषाविहीन भई बाँच्नु पनि मृत्यु समान हो । यस्तै मार्मिकतालाई आत्मसात् गर्दै कीर्तिपुरमा नेपाल भाषा एकेडेमी खडा भयो । ने.सं. १११२ मा सर्वोच्च नेता गणेशमान सिंहबाट उद्घाटित एकेडेमी ने.सं. १११९ मा सिडिओमा दर्ता भयो । भाषारत्न सत्यमोहन जोशी, मल्लके सुन्दरजस्ताको सक्रियतामा खडा भएको, एकेडेमी । मेयर हीराकाजी महर्जनको कार्यकालमा ३० रोपनी जग्गा उपलब्धपछि उद्योगपति गोपाल राजभण्डारीलगायतको लागानीमा २५० जना अटाउने हल छ यहाँ । भवन विस्तारमा अमेरिकी नेवाः अर्गनाइजेसनका त्रिभुवन तुलाधरबाट प्रतिव्यक्ति एक डलर उठाएका थिए ।

### नरगो र बाघभैरव

कीर्तिपुरको इतिहास नरगो र बाघभैरवको आख्यानले छर्लंग पार्छ । स्थानीय बासिन्दा भन्छन्- कीर्तिपुरको प्राचीन बस्ती नरगो हो । जहाँ अहिले पनि पुराना घरका पर्खालको जग पाउन सकिन्छ । आख्यानुसार कीर्तिपुर नरगोवासी झवाः मचाः (गोठाला) भेडा चराउन जंगल जाँदा माटोको बाघको मूर्ति बनाएर खेल्ने गर्दथे । बाघको बनाउँदा बनाउँदै जिब्रो राख्न पात खोजेर फर्कंदा माटोको बाघले साक्षात रूप लिई भेडा सबै खाइदिएछन् । आश्चर्यचकित उनीहरू चिच्याएको सुनी नरगोवासी घटनास्थल पुग्दा जंगलको चारैतिर बाघ गर्जेको आवाज सुने छन् ।

भनिन्छ, त्यसैबेलादेखि नरगोवासी हाल टंगालको हाँडीगाउँमा बसाइँ सरेका हुन् । त्यसैले टंगालस्थित हाँडीगाउँलाई नेपाल भाषामा नरदे भनिएको हो । बाघबाट पीडित नःगां र पांगाःवासी मिली तान्त्रिकलाई देखाउँदा माटोको बाघमा भैरव प्रवेश गरेकाले शान्त गर्न पूजा गर्नुपर्ने सुझाव दिए छन् । सोही दिनको स्मरणमा भाद्र सिंह संक्रान्तिको दिन बाघभैरवलाई राँगा, भेडा, बोका बलि दिई खुसी पार्ने र खटजात्रा गर्दै आइरहेको छ । तीनतल्ले आयातकार प्यागोडाशैलीको बाघभैरव मन्दिर पाटन पिमबहालका महापात्र जगतपाल वर्माले ने.सं. ३३५ मा निर्माण गराएका हुन् ।

गोरखाका राजा पृथ्वीनारायण शाहले कीर्तिपुरे राजा र रानी कीर्तिलक्ष्मीको हत्याअघि ने.सं. ८८४ मा भएको युद्धमा कीर्तिपुरेले बाघभैरवको शक्तिले तीनपल्ट हराएको बताइन्छ । सो युद्धमा राजा पृथ्वीका भाई सुरप्रताप शाहको देब्रे आँखा फोडिनुका साथै गोर्खा सैनिक कमाण्डर कालु पाण्डेको हत्या गरी ढाल, तरबार, कवच र फलामको भोटो बाघभैरवलाई चढाएका थिए । कालु पाण्डेको फलामको भोटो हातहतियार छाउनीस्थित राष्ट्रिय संग्रहालयमा छ ।

### देपुखु र नारायण देगल

बाघभैरवनेर ने.सं. ७९६ मा निर्मित नारायण मन्दिर पोखरीछेउ छ । गुम्बज मन्दिरको देपुखुमा गाईजात्रामा राँगाको खुट्टा पक्रने प्रतियोगिता हुन्छ । जसले राँगाको खुट्टा बाहिर ल्याउँछ उसलाई वर्षकै भाग्यमानी मानिन्छ ।

### कीर्तिपुरेको वीरता र पृथ्वीनारायण शाहको कुकृत्य

कीर्तिपुरे युद्धमा तीनपल्ट हारेका गोर्खाली राजा पृथ्वीनारायण शाहलाई युद्धकै मोर्चामा एक सिपाहीले काट्न लाग्दा अर्का खडगी सेनाले रोक्दै युद्धको नियमविपरीत राजालाई सिपाहीले काट्न हुँदैन भने, तत्कालै अर्का पुतुवार डोलेले अनेकौं जुक्ति लगाउँदै युद्धस्थलबाट बचाएर पृथ्वीनारायण शाहलाई थानकोटको यंकी दहसम्म पुऱ्याइदिए, तर ने.सं. ८८४ को युद्धमा कीर्तिपुरे राजा र रानीको हत्यापश्चात् निहत्था जनताको नाक काट्ने र थानकोटस्थित त्रिभुवनपार्कमा गाढे । भनिन्छ, जुन ठाउँलाई नेपालभाषामा न्हचायदों भनिए । आज पनि कीर्तिपुरेले न्हचायदों पुग्दा थुक्छन् । रानी कीर्तिलक्ष्मीले आत्मसमर्पण नगरी वीरगति प्राप्त गरेकाले पदम काष्टगिरीलाई कीर्तिपुर भनिएको भनाइ छ ।

### भांजांगाल पांगा नःगाउँ

कीर्तिपुर आक्रमणबाट बच्न ने.सं. ६२१ मा राजा रत्न मल्लद्वारा बसाइएको किल्ला पांगाःको प्रमुख देवी हुन् वैष्णवी पीठ । चोभार पूर्व दुईतल्ले वैष्णवी मन्दिरको तोरणमा ने.सं. ७९५ उल्लेख छ । यहाँ ९ कप्टेरा दाउराबाट पूरै लास खरानी हुनेहुँदा भाजंगाल भनिए । भगवान् मान्नेले भाजंगाललाई ईश्वरको चमत्कार ठान्छन् भने वैज्ञानिकहरू भूमिगत प्रज्ज्वलनशील रसायन भएको विश्वास गर्दछन् । भाजंगालमा अघिल्लो विधिपूर्वक नौ कप्टेरामाथि लास राखी जान्छन् भने भोलिपल्ट काजकिरिया गर्न खरानी लिन पुग्ने अनौठो परम्परा छ । कीर्तिपुरको अर्को उपगाउँ नःगाउँ अर्थात् फलाम खानी गाउँ हो । भूवनचैत्य, बज्रधातु चैत्य, जोरगणेश आदि रहेको नःगाउँको मुख्य बालकुमारी पीठ हो । मंसिर अष्टमीका दिन पांगा वैष्णवी पीठसँगै नः गाउँमा बालकुमारीको पनि जात्रा हुने गर्दछ ।

### चोभा द्यो- जोइपोइ मिलाउने आदिनाथ

काठमाडौंबाट पाँच किलोमिटर दक्षिण कीर्तिपुरकै अर्को डाँडा चोयबहाः नै चोभार हो । लिच्छवीकालीन तीनतले प्यागोडाशैली आदिनाथको मन्दिर छ । आनन्दादी लोकेश्वर भनिने धातु तथा झिंगटीले छाएको मन्दिर सातौं शताब्दीमा महासामन्त अंशुवर्माद्वारा निर्मित मानिन्छ । बुंगमतीको आर्यावलोकितेश्वरलाई वर्षा र सहकालका देवता, नालाको सृष्टिकर्ता लोकेश्वरलाई सृष्टिको प्रतीक, जनवहाल असनको जनवाद्यो आर्यावलोकितेश्वरलाई संसारका जनको पालनहार भनिएझैं चोभारको आदिनाथलाई रोगमुक्ति र आपसी मतभेद, लोग्ने-स्वास्नी सम्बन्धविच्छेदसम्मको स्थिति मिलाइदिने देवताकारूपमा लिइन्छ ।

आख्यानअनुसार एक समय हैजा रोग लागी धेरै लुभुवासी भटाभट मर्न थाले छ । जति पूजा गरे पनि निको नभएपछि गाउँलेले रिसमा मूर्तिलाई नख्खुमा बगाइदिए छन् । यसरी बगाइएको मूर्तिलाई चैत्रअष्टमीका दिन कीर्तिपुरेले बागमतीको किनारमा देखे छन् र श्रद्धा भक्तिपूर्वक बाजागाजाकासाथ आदिनाथलाई डाँडामा विराजमान गराए । यसै दिनको स्मरणमा बागमतीको सुलक्षण महाविहारबाट न्हवं महास्नान गराइने चलन छ । चोकबीच शिखरशैलीको वैत्राचार्य चैत्य छ । चैत्यलाई शैवले गन्धर्वेश्वर भनी भाँडाकुंडा, ऐना चढाउँछन् ।

### चिलंचो, गरिमामय बौद्धस्थल अखडा

गोपालकालीन सापु, मेपु र ज्यापू संस्कृतियुक्त बस्ती कीर्तिपुर पदमकाष्ठ गिरीलाई राजा शिवदेव तृतीयले नयाँ संरचना दिएका हुन् । ने.सं.२१९-२४३ ताकाको शिवरत लायकू, बाघभैरव र देवरतमध्ये बुद्धचैत्यले युक्त देवरतक्षेत्रमा चिलंचो छ । देवरततर्फका इताछें, तुइव, तःननि, कुरूझ्व, मुआनत्वा, बहिरगा, बाकूननि, ल्ह्वहं देग, भरिया पुखु, चिलचों, चिथु, गुल्पु र वहीले प्रख्यात टोलभित्र आठवटा प्राचीन बिहार छन् । अन्य बुद्ध विहारमा जगतपाल महाविहार क्यपुबहाः, कामीकान्ति महाविहार क्यपुवही, जीवनवदन विहार, चैत्य रंग विहार, मयन्कीर्ति विहार कुसीबहाः, करूणाकार क्वंयबहाः, हर्षकीर्ति च्वयबहाः र देवकीर्ति देवबहाः छन् ।

### चिलंचो चैत्य, जगत्पाल महाविहार

देवरत क्षेत्रको चिलंचो कीर्तिपुरको बौद्धस्थल हो । चैत्य समिप द्योछें घर शैलीको विहारलाई जगतपाल महाविहार भनिन्छ । अक्षोभ्य बुद्धप्रति समर्पित चिलचो अशोककालीन मानिन्छ तर चैत्य ने.सं. ६३४ मा पाटन पिमवहालका जगतपाल वर्माद्वारा निर्मित हुन्छ ।

### चिलंचो क्षेत्रका बुद्ध विहार र मठमन्दिर

सिंहदुवास्थित धर्मधातु चैत्य ने.सं. ७६१ मा हाकू जः शाक्यद्वारा निर्मित मानिन्छ । क्वयः बहाः (करूणाकार) सिंह दुवाको चैत्यसँगै ने.सं. ७५३ मा निर्मित च्वयबहाः हर्षकीर्ति र क्वयबहाः करूणाकार विहार छन् । सिंह दुवाटोलमा नै ने.सं. ८०३ मा निर्मित ढुंगे लोकेश्वर र ने.सं. ७८३ मा बुद्धधर्म लोहं देग मन्दिर राम भारोद्वारा निर्मित मानिन्छ ।

### नगरमण्डप थाई श्रीकीर्ति महाविहार

ने.सं. १११० कालीन नेपालका संघनायक भिक्षु प्रज्ञानन्द महास्थवीरको अथक प्रयास र इतिहासविद् तथा पुरातत्त्वविद् भिक्षु सुदर्शन महास्थवीरको सक्रियतामा स्थापित नगरमण्डप श्रीकीर्ति महाविहारलाई थाईकीर्ति विहार भनिन्छ । कीर्तिपुरको चक्रपथ नयाँ बजारमा निर्मित यस विहार थाई सरकारको सहयोगमा बनेको हो । थाइल्याण्डका भिक्षु संघराज सोमदेय फ्राञाणसम्बरबाट ने.स. १११९ मा उद्घाटित विहार नेपाल र थाइल्याण्डबीचको सम्बन्धको प्रतीक बनेको छ । ढुंगा छापेको चोकबीच भिक्षु प्रज्ञानन्द महास्थवीरको पूर्णकदको प्रतिमा र ने.सं. ११११ को सिपुन्हीको दिन सम्वेजनीय थाई कलाशैलीमा स्थापित महाचैत्य र विहारले थाइल्याण्डको अनुभूति दिन्छ । प्रधानपञ्च धनलाल महर्जनद्वारा उपलब्ध चार रोपनी मन्द फल्चामा बनेको हो ।

### टौदह, किम्वदन्तीको संगम

५०० मिटर लम्बाइ, ४०० मिटर चौडाइ र सुख्खायाममा ६ मिटर गहिराइको टौदहले बुँगद्यो (रातो मच्छिन्द्रनाथ)को भोटो देखाउने जात्राको किम्वदन्ती छ । काठमाडौंबाट सात किलोमिटर दक्षिणकाली बाटोमा पर्ने टौदह (तवगु दह) प्राकृतिक ताल हो । चोभार छेदनगरी दहको पानी बाहिर पठाउँदा कर्कोटक नागराज रिसाएर अनिष्ट हुने भय सिर्जना भएपछि मञ्जुश्रीको आह्वानमा नागराजलाई टौदहमा विराजमान गराए छ । उनै नागराजकी रानीको आँखा दुख्दा ललितपुरबासी ज्यापुले आँखा दुख्ने रोग निको बनाइदिएछन् र त्यसबाट खुसी भएका नागराजले नवरत्न जडित भोटो उपहार दिए छन् । ज्यापुले भोटो फुकालेर खेतमा काम गर्दा ख्याकले चोरी भागे छ । एकदिन भोटो लगाएर आइरहेका ख्याक र ज्यापुबीच घमासान युद्ध हुँदा बुंगद्यो रातो मच्छिन्द्रनाथले दुवैलाई भने छन्- जबसम्म प्रमाण ल्याउँदैनौ तबसम्म रत्नजडित यो भोटो मसँगै रहने छ । ख्याकको त भोटो नै थिएन ऊ जाने कुरै भएन । ज्यापुले पनि टौदह जाने बाटो नै थाहा पाएन छन् । त्यसै बेलादेखि प्रत्येक वर्ष जावलाखेलको च्वासकाननीमा भोटो सुरक्षित छ है भनी देखाउने गरिन्छ । नागपञ्चमीमा मेला लाग्ने टौदहमा ३८ जातका बोटबिरूवा, ३६ जातका कीरा र ११६ पक्षी छन् ।

### कोयना गणेश (जलविनायक) मञ्जुश्री पार्क

चन्द्र, सूर्य र कार्यविनायकमध्ये एक हुन् जलविनायक कोयनाद्यो पनि । चोभार गल्छी (ह्रसिकाप) को तीनतले प्यागोडाशैली मन्दिरमा गणेश भने सादा ढुंगा पुजिन्छ । कथनअनुसार, उपत्यका पानीले भरिएको बेला स्वयम्भूज्योति दर्शनार्थ महाचीनबाट आएका मञ्जुश्रीले चोभार गल्छी काटेर बाहिर पठाएका थिए । त्यसैले चोभार गुफालाई मञ्जुश्री गुफा नाउसहित पार्क बनाएको छ । ने.सं. ७२२ मा निर्मित गणेशपरिसर सुखावती लोकेश्वर, वरूण, सूर्य, शिव आदिले सिंगारिएको छ भने धातु छानायुक्त तीनतले प्यागोडाशैलीको कोयना गणेश प्रवेशद्वारमा दुई सिंह र गणेशको बाहन छुचुन्द्रो र टुँडालमा अष्टमातृका अष्टभैरव कुँदिएका छन् । कोयना गणेशलाई राँगा, हाँस, कुखुरा बलि दिइन्छ । यही ७० फिट अग्लो ढुंगे मञ्जुश्री पार्क छ ।

गोरखाका राजा पृथ्वीनारायण शाहले कीर्तिपुरे राजा र रानी कीर्तिलक्ष्मीको हत्याअघि ने.सं. ८८४ मा भएको युद्धमा कीर्तिपुरेले बाघभैरवको शक्तिले तीनपल्ट हराएको बताइन्छ । सो युद्धमा राजा पृथ्वीका भाई सुरप्रताप शाहको देब्रे आँखा फोडिनुका साथै गोर्खा सैनिक कमाण्डर कालु पाण्डेको हत्या गरी ढाल, तरबार, कवच र फलामको भोटो बाघभैरवलाई चढाएका थिए । कालु पाण्डेको फलामको भोटो हातहतियार छाउनीस्थित राष्ट्रिय संग्रहालयमा छ ।

कीर्तिपुर आक्रमणबाट बच्न ने.सं. ६२१ मा राजा रत्न मल्लद्वारा बसाइएको किल्ला पांगाःको प्रमुख देवी हुन् वैष्णवी पीठ । चोभार पूर्व दुईतल्ले वैष्णवी मन्दिरको तोरणमा ने.सं. ७९५ उल्लेख छ । यहाँ ९ कप्टेरा दाउराबाट पूरै लास खरानी हुनेहुँदा भाजंगाल भनिए । भगवान् मान्नेले भाजंगाललाई ईश्वरको चमत्कार ठान्छन् भने वैज्ञानिकहरू भूमिगत प्रज्ज्वलनशील रसायन भएको विश्वास गर्दछन् ।

# चिसो बढेसँगै कालीगण्डकीमा जलयात्रा बन्द



**पर्वत–** चिसो बढेसँगै कालीगण्डकी नदीमा सञ्चालित र्‍याफि्टङ (जलयात्रा) बन्द भएको छ । वर्षायाममा पानीको बहाब घटेसँगै असोजदेखि सुरु भएको जलयात्रा आइतबारदेखि बन्द गरिएको हो। आइतबार अन्तिम टोलीले तीन दिनको जलयात्रा पूरा गरेसँगै यस वर्षको जलयात्रा बन्द गरिएको रिभर एक्सप्लोरर नेपालका सञ्चालक होम पुनले जानकारी दिए ।

पहिलो याममा सेप्टेम्बरमध्यदेखि नोभेम्बर अन्तिम सातासम्म सञ्चालन गरिएको हो । विगतका वर्षभन्दा ढिलोगरी चिसो बढेकाले यस वर्ष दुई साता ढिलोसम्म र्‍याफि्टङ सञ्चालन गरिएको पुनले बताए । नदीमा पानी अत्यधिक चिसो भइसकेकाले अब मार्चदेखि जुनसम्म अर्को यामको जलयात्रा सुरु हुने उनको भनाइ छ ।

छोटो र पारिवारिक जलयात्राका लागि कालीगण्डकी नदीमा आउने पर्यटक कोभिड संक्रमणपछि यस वर्ष उच्च रहेको सलोम र्‍याफि्टङ ट्रेक एण्ड एक्सपेन्डिसनका सञ्चालक देव रेग्मीले जानकारी दिए । उनका अनुसार लामो, समथर र कम बहाव भएकाले विदेशी नागरिक अन्य नदीभन्दा कालीगण्डकीलाई नै रोज्ने गर्दछन् । र्‍याफि्टङका लागि कालीगण्डकी नदीमा अहिले विदेशी पर्यटकसँगै स्वेदशी पर्यटकको पनि आकर्षण पनि बढ्दै गएको उनले बताए ।

कालीगण्डकी नदीमा यस वर्ष तीन हजारभन्दा बढीले जलयात्रा गरेको रेग्मीले बताए । दैनिक दुई-तीन समूहमा पर्यटक आउने गर्दछन् । अन्य नदीको तुलनामा पर्यटकले यसलाई पहिलो रोजाइमा पार्दै आएकाले पनि पर्यटकको आगमन कोभिडपछि यस वर्ष उच्च मात्रामा बढेको रेग्मीको भनाइ छ । 'यो नदीलाई रोजेर पर्यटक बढी नै आउने गरेका छन्,' उनले भने, 'कालीगण्डकीलाई र्‍याफि्टङको पहिलो गन्तव्य बन्दै गएको छ । पोखरा हुँदै अन्नपूर्ण पदमार्गमा पदयात्रा र कालीगण्डकीको जलयात्रालाई प्याकेज बनाउने पर्यटक बढ्दै गएका छन् ।'

कुश्मा नगरपालिका-१ पाङस्थित नयाँपुल र कुश्मा नगरपालिका वडा नं ५ गोपाङघाटबाट सुरु हुने र्‍याफि्टङ स्यांजा, पर्वत र गुल्मीको सिमानामा रहेको कालीगण्डकी 'ए' जलविद्युत् परियाजनाको जलासयमा पुगेर टुंगिन्छ । तीन दिन लाग्ने सो जलयात्रा पर्यटकका लागि निकै आकर्षक गन्तव्यका रूपमा रहेको छ । कालीगण्डकीमा पानीको छाल, मनोरम दृश्य, झरना, विभिन्न वनस्पति, जलचरको अवलोकन, प्रदूषणरहित हावापानीबाट पर्यटक आकर्षित हुने गर्दछन् । यहाँ धेरै इजरायली पर्यटक आउने गरेका छन् भने अस्ट्रेलिया, रसियन, युरोपियन मुलुक र अमेरिकी पर्यटकको रोजाइमा पनि कालीगण्डकी नदी पर्दै आएको छ ।

विदेशमासमेत जलयात्रा गर्दै आएका पर्यटक कालीगण्डकीको जलयात्रा अन्यत्रको भन्दा अत्यन्त रोमाञ्चक हुने गरेको अनुभव सुनाउँछन् । अमेरिका र अस्ट्रेलियालगायत नदीमा हुने जलयात्राभन्दा कालीगण्डकीमा नयाँ खालको अनुभव भएकाले पर्यटकको आकर्षण बन्न पुगेको हो ।

पर्यटकले नयाँपुल-मोदीवेणी खण्डमा पहिलो दिनको यात्रा बनाएर जाने साथै दोस्रो दिनमा पर्वतकै विहादी गाउँपालिका बर्राचौरको पूर्तिघाट नजिक बस्ने र तेस्रो दिनमा मिर्मी हुँदै पोखरा जानेगरी पर्यटकले यात्रा तय गर्ने गरेका छन् । यात्राका क्रममा बस्ने ठाउँमा भौतिक संरचनाको विकास गर्न र कुश्मा नगरपालिकाको आर्मादी नजिकै खोलाको बीचमा रहेका ठूला ढुंगाहरू नहटाउँदा समस्या आउने गरेको पर्यटक गाइड नवीन केसीले बताए ।

कालीगण्डकीको दोहनसँगै पछिल्लो समय विभिन्न ठाउँमा डुंगा शयरमा समस्या आउने गरेको छ । पर्वततर्फ निर्माण गरिएको कालीगण्डकी लोकमार्ग र बागलुङ-गुल्मीतर्फको कालीगण्डकी करिडोरबाट खसेका ढुंगामाटोले पनि नदी साँघुरिँदै गएकाले पहिलेजस्तो सहज नरहेको पर्यटन व्यवसायी होम पुनले गुनासो गरे । *रासस*

## पृष्ठ १ बाट क्रमशः

### प्रधानमन्त्रीको...

यसैगरी कांग्रेसदेखि अरु पार्टीका सांसदहरू पनि यो टोलीमा अटाइएको छ । सांसद अर्जुन नरसिंह केसी, श्यामकुमार घिमिरे, लिलानाथ श्रेष्ठ, बिजुला रायमाझी, रेखा शर्मा, वीरेन्द्रप्रसाद महतो, दीपक कार्की, सर्वेन्द्रनाथ शुक्ला, रञ्जिता श्रेष्ठ, मुख्यसचिव एकनारायण अर्याल, सचिवहरू रामप्रसाद घिमिरे, अमृतबहादुर राई (परराष्ट्र कामु सचिव) पनि टोलीमा छन् ।

यसैगरी लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवाली, मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयका सहप्राध्यापक पद्मसुन्दर जोशी, प्रधानमन्त्रीका निजी चिकित्सक दिव्यासिंह शाह, प्रमुख स्वकीय सचिव राजेश बज्राचार्यसहित अन्य सरकारी अधिकारीहरू कृष्णप्रसाद ढकाल, विष्णुप्रसाद गौतम, मणिरत्न शर्मा, उदय पोखरेल, कमल रावल, ऋचा भट्टराई, जानकी ओझा, सुजन लामिछाने, विनोद खनाल, जयश्री शाक्य र अनिता सिंह रहने छन् ।

■■■

### वैदेशिक...

सबैभन्दा पहिला पुरुष भलिबलबाट एकेडेमीले तय गरेको राष्ट्रव्यापी प्रतियोगिता सुरु हुनेछ । एकेडेमीको १६औं स्थापना दिवसको अवसरमा मदन भण्डारी कप इन्डो नेपाल पुरुष भलिबल प्रतियोगिता हुने भएको हो । उक्त प्रतियोगिता बुटवलमा आगामी पुष १७ देखि २४ गतेसम्म आयोजना हुने तय छ । यस प्रतियोगिताको विजेताले सात लाख ५० हजार, उपविजेताले तीन लाख ५० हजार, तेस्रो हुने टोलीले एक लाख ५० हजार र सान्त्वना पुरस्कार स्वरूप एक टोलीले एक लाख रूपैयाँ पाउनेछन् । बेस्ट प्लेयरले भने २५ हजार रूपैयाँ प्राप्त गर्नेछ ।

भारतको रेलवे टोलीले भलिबलमा प्रतिस्पर्धा गर्ने एकेडेमीका अध्यक्ष ध्रुव आचार्यले जानकारी दिए । साथै एकेडेमीले सातै प्रदेशमा ३२औं मदनभण्डारी स्मृति खेलाडी, अफिसियल तथा खेल सम्बन्ध व्यक्तित्वहरूमा तालिम, प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम आयोजना गर्ने उल्लेख गरेको छ । यी कार्यक्रम आयोजना गर्न अनुमानित करिब १० करोड ६६ लाख ९७ हजार ७ सय ७४ रूपैयाँ लागत लाग्ने आयोजकले जनाएको छ । राष्ट्रिय खेलकुद परिषद् राखेपले दुई करोड रूपैयाँ प्रदान गर्ने भएको छ । मदन भण्डारी स्पोर्ट्स एकेडेमीका अध्यक्ष ध्रुव आचार्यले सम्बन्धित खेल संघसँग प्राविधिक सहयोग र सहकार्य गरेर प्रतियोगिता आयोजना गर्ने उल्लेख गरेको छ । उनले सात प्रदेशमा खेल प्रतियोगिता हुने र ती प्रतिस्पर्धामा स्थानीय निकायका साथै कर्पोरेट क्षेत्रलाई पनि सहभागी गराउने बताए ।

निर्धारित समयभित्र नै खेल प्रतियोगिता आयोजना हुने आयोजकले जनाएको छ । एकेडेमीले अघिल्लो आर्थिक वर्षमा १२ विधा खेल आयोजना गरेको थियो । एकेडेमीले यसपल्ट बढाएर १८ खेल विधाको प्रतियोगिता, समान एक प्रशिक्षण र सामाजिक कार्यक्रम समावेश गरेको छ ।

सूर्य नेपाल गल्फ टुर २०२४/२५

# राहुललाई उपाधि

■ प्रभाव संवाददाता

**काठमाडौं –** सूर्य नेपाल गल्फ टुर २०२४/२५ अन्तर्गत सूर्य नेपाल सेन्ट्रल ओपनको उपाधि उदीयमान एमेच्योर गल्फर राहुल विकेले जितेका छन् । अन्तिम दिन ५-अन्डर ६७ को उत्कृष्ट स्कोरसहित समग्रमा १२-अन्डर २७६ को नतिजामा उनले अनुभवी प्रो तोरण विक्रम शाहीलाई एक स्ट्रोकले माथ दिए । राहुलको सूर्य नेपाल गल्फ टुरमा करियरको यो पहिलो उपाधि हो ।

गोकर्ण गल्फ क्लबमा लगातार तीन दिनका लिडर तोरणले इभन-पार ७२ को नतिजा दर्ज गर्दा समग्रमा ११-अन्डर २७७ सहित दोस्रो भए । प्रोफेसनलतर्फ भने पहिलो हुँदै उनले १ लाख ५० हजार नगद पुरस्कार प्राप्त गरे । नेपाल नम्बर एक एमेच्योर गल्फर सद्भाव आचार्य भने समग्रमा ७-अन्डर २८१ सहित तेस्रो भए । उनले बिहीबार इभन-पार ७२ मा खेल सकाए ।

समग्रमा ३-अन्डर २८५ सहित धरानका प्रो नीरज तामाङ र नेपाल नम्बर एक प्रो भुवन नगरकोटीले चौथो स्थान बाँडे । नीरजले बिहीबार १-ओभर ७३ र भुवनले २-अन्डर ७० मा खेल सकाए । प्रोफेसनलतर्फ संयुक्तरूपमा दोस्रो भएका उनीहरूले समान ८७ हजार ५ सय नगद पुरस्कार प्राप्त गरे । यसै गरी समग्रमा इभन-पार २८८ को नतिजामा सुनिल केसी




र जयराम श्रेष्ठ संयुक्तरूपमा छैटौं भए । सुनिलले २-अन्डर ७० र जयरामले इभन-पार ७२ को स्कोर दर्ज गरे । दुवैले जनही ५८ हजार नगद आफ्नो नाममा लेखाए ।

यसैगरी समग्रमा ३-ओभर २९१ सहित राजेन्द्र थापा मगरले आठौं स्थानमा प्रतियोगिता सकाए । उनले बिहीबार इभन-पार ७२ मा खेल पुरा गरे । ४-ओभर २९२ को नतिजामा सञ्जय लामा नवौं र ५-ओभर २९३ सहित भुवन कुमार रोक्का समग्रमा दशौं भए । अन्तिम दिन सञ्जयले इभन-पार र भुवनले १-ओभर ७३ को स्कोर दर्ज गरे । उनीहरूले क्रमशः ४६ हजार, ४२ हजार र ३८ हजार नगद पुरस्कार प्राप्त गरे । बिहीबार एमेच्योर गजेन्द्र गुरुङले १०औं होलमा होल-इन-वानको सफलता प्राप्त गरे ।

अन्तिम १८ होलको खेल सुरु गर्दा राहुल र सद्भावविरुद्ध तोरणसँग चार स्ट्रोकको स्पष्ट अग्रता थियो । उपाधि जित्ने सम्भावना तोरणको उच्च थियो । तर पहिलो पटक फाइनल ग्रुपमा खेलिरहेका राहुलले आत्मविश्वासी प्रदर्शन गरे । दोस्रो, तेस्रो, सातौं र नवौं होलमा बर्डी प्रहार गरे । उनले बोगीरहित फ्रन्ट नाइन खेले । फ्रन्ट नाइन ४-अन्डर ३२ मा सकाए । यता लगातार तीन दिनका लिडर तोरणले पहिलो होलको बोगीविरुद्ध तेस्रो होलको बर्डीले फ्रन्ट नाइन इभन-पार ३६ मा सकाए । फ्रन्ट नाइनको खेल सकिँदा राहुलले खेललाई बराबरीमा पुर्‍याए ।

तोरण र राहुल समान ११-अन्डरमा थिए । यसपछि बाकी नौ होलको खेलमा तोरण र राहुलको कडा प्रतिस्पर्धा चल्यो । राहुलले ११औं र १२औं होलमा बर्डी प्रहार गरे । तोरणले भने १०औं र १३औं होलमा एक-एक सट बचाए भने १५औं होलमा बोगी प्रहार गर्दा १५औं होलको खेल सकिँदा खेल बराबरीमा पुग्यो ।

१६औं होल राहुलको लागि टर्निङ प्वाइन्ट बन्यो । उनले करिब २५ फिटबाट बर्डी प्रहार गरे । राहुलले एक स्ट्रोकको अग्रता बनाए । १७औं होलमा दुवैले बोगी र १८औं होलमा दुवैले पार खेल्दा राहुलले एक स्ट्रोकको अग्रतामा उपाधि जिते । राहुलले दाबेदार सद्भावलाई ५ स्ट्रोकले हराउँदै एमेच्योरतर्फको पनि उपाधि जिते ।

# एक करोड २० लाख वर्ष पुरानो गोहीको अवशेष सार्वजनिक

**लिमा–** पेरुको मरुभूमिमा फेला परेको एक करोडदेखि एक करोड २० लाख वर्ष पुरानो एक युवा सामुद्रिक गोहीको अवशेषलाई पेरूका वैज्ञानिकहरूले सार्वजनिक गरेका छन् । राजधानी लिमाबाट करिब ३५० किलोमिटर दक्षिणमा रहेको पेरुको ओकुकाजे मरुभूमिमा सन् २०२३ को अन्त्यतिर करिब तीन मिटर (करिब १० फिट) लामो घडियाल गोहीको जीवाश्म फेला परेको थियो ।

'हामीले यो प्रजातिको किशोर घडियाल गोहीको अवशेष फेला पारेका छौं, अहिलेसम्म यसको अधिकतम ठूलो आकार फेला परेको रेकर्ड थिएन । यसको एक करोड २० लाख वर्षभन्दा पहिले नै मृत्यु भएको थियो,' मेरुदण्डी जीवाश्म विज्ञानका अनुसन्धाता मारियो ग्यामराले एक पत्रकार सम्मेलनमा भने ।

अवशेषको पुनर्निर्माणको नेतृत्व गरेका ग्यामराका अनुसार यी नमूनाहरूको खप्पर र बंगारा आजका गोही र मगरमच्छ (गोही)हरूको भन्दा फरक छ । ग्यामराले भने, 'तिनीहरूको लामो र चुच्चे मुख थियो र उनीहरूको आहार माछा मार्ने खालको थियो । यो गोहीको सबैभन्दा नजिकको जाति भारतीय घडियाल गोही हो ।'

पेरुको 'जियोलोजिकल, माइनिङ एन्ड मेटलर्जिकल इन्स्टिच्युट' र 'ला युनियन स्कुल'ले संयुक्त रूपमा उक्त खोज गरेका हुन् । पेरुको ओकुकाजे मरुभूमिमा चार खुट्टा भएका बौना ह्वेल, डल्फिन, शार्क र अन्य प्रजातिका मिओसिन कालका ५० लाख वर्षदेखि दुई करोड ३० लाख वर्ष पहिलेका अवशेष पत्ता लागेका छन् । *रासस/एएफपी*

# 'रूसद्वारा युक्रेनको ऊर्जा ग्रिडमा व्यापक आक्रमण'

**किएभ, युक्रेन–** युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले युक्रेनका ऊर्जा केन्द्रहरूमा बिहीबार रूसले कैयौं राउण्ड हवाई आक्रमण गरेको बताएका छन् । रूसी सेनाले लडाकु विमान र अन्य माध्यमबाट व्यापक गोलाबारी गरेको र यसबाट विद्युत् आपूर्तिमा व्यापक समस्या आएको राष्ट्रपति जेलेन्स्कीले बताए ।

विशेषज्ञका अनुसार किएभ र मस्को दुवैले लगभग तीन वर्षको युद्धमा व्यापक शक्तिशाली गोलाबारूद्को प्रयोग गरेका छन् । जेलेन्स्कीले सामाजिक सञ्जालमा भनेका छन्, 'धेरै क्षेत्रमा शक्तिशाली विष्फोटक पदार्थ खसालिएको छ भने उनीहरूको हतियारसहितको आक्रमणलाई रेकर्ड गरिएको छ ।' भिडियोमा उनीहरूले नागरिक पूर्वाधारलाई समेत निशाना बनाएका देखिन्छ ।

युक्रेनले ७९ वटा क्षेप्यास्त्र र ३५ वटा ड्रोन खसालेको उक्त ब्यारेजले १० लाखभन्दा बढी युक्रेनी नागरिकलाई चिसो मौसममा बिजुलीविहीन बनाएको छ । जेलेन्स्कीले भने, 'यो रूसी 'आतंकवादी' रणनीतिको अत्यन्त घृणित वृद्धि हो ।' सन् २०२२ को फेब्रुअरीमा रूसले युद्ध सुरु गरेयता युक्रेनमा विष्फोटक युद्धसामग्रीले एक हजारभन्दा बढी व्यक्तिको ज्यान लिइसकेको वा घाइते भएको 'क्लस्टर म्युनिसन कोलिशन (सिएमसी)' ले सेप्टेम्बरमा आफ्नो वार्षिक प्रतिवेदनमा उल्लेख गरेको छ ।

'गोलाबारूदले कहिलेकाही लक्षित स्थानमा नलाग्ने तथा नपड्किने हुँदा यसले आक्रमणस्थलमा दीर्घकालीन जोखिम पनि निम्त्याउँछ । तिनीहरूले प्रभावकारीरूपमा बारूदी सुरूङको रूपमा काम गर्छन् जुन वर्षौंपछि पनि विष्फोट हुन सक्छ,' सिएमसीले भनेको छ । 'क्लस्टर बम'को प्रयोग, स्थानान्तरण, उत्पादन र भण्डारणलाई निषेध गर्ने सन् २००८ को क्लस्टर युद्धसामग्रीसम्बन्धी महासन्धिको पक्षराष्ट्रमा सम्झौतामा हस्ताक्षर गर्ने ११२ राज्यमा रूस र युक्रेन रहेका छैनन् ।

सन्धिको पक्षराष्ट्र नभएको अर्थात् सन्धिको पक्षमा हस्ताक्षर नगरेको संयुक्त राज्य अमेरिकाले जुलाई २०२३ मा किएभलाई 'क्लस्टर युद्धसामग्री' हस्तान्तरण गर्न सहमत भएको थियो । यो कदमको रूस र अमेरिकाका सहयोगीहरूले समेत आलोचना गरेका थिए । *रासस/एएफपी*

# चीनका उच्च सैन्य अधिकारी मियाओ हुआविरूद्ध भ्रष्टाचार आरोप, अनुसन्धान जारी

**बेइजिङ–** भ्रष्टाचार विरोधी कारबाहीमा परेका एक वरिष्ठ सैनिक अधिकारीलाई 'अनुशासनको गम्भीर उल्लंघन' गरेको आरोपमा पदबाट हटाइएको बेइजिङले बिहीबार जनाएको छ । चिनियाँ रक्षा मन्त्रालयका प्रवक्ता वु कियानले पत्रकार सम्मेलनमा भने, 'सत्तारुढ चिनियाँ कम्युनिस्ट पार्टीले मियाओ हुआलाई अनुसन्धान नभएसम्मका लागि निलम्बन गर्ने निर्णय गरेको छ ।'

वुले बेइजिङको शक्तिशाली सेन्ट्रल मिलिटरी कमिसन (सिएमसी) का सदस्य तथा एडमिरल मियाओविरुद्ध लगाइएको आरोपबारे थप जानकारी दिएनन् । मियाओ चीनको केन्द्रीय सैन्य आयोगमा राष्ट्रपति सी चिनफिङसहित अन्य पाँच सदस्यसँगै कार्यरत थिए । उनले चिनियाँ सैन्य आयोग (सिएमसी)को राजनीतिक कार्य विभागको नेतृत्व गरेका थिए । यो शीर्ष सैन्य निकायको सबैभन्दा महत्त्वपूर्ण कार्यालय हो ।

एसिया सोसाइटीका वरिष्ठ फेलो लाइल मोरिसले मियाओलाई सीको 'घनिष्ठ सहयोगी', सेना र पार्टीबीच 'विश्वसनीय वार्ताकार' का रूपमा वर्णन गरेका छन् । बेइजिङले गत वर्ष सशस्त्र बलमा कथित भ्रष्टाचारविरुद्ध कडा कदम चालेको बताएको थियो र यसै महिना सीले सेनालाई भ्रष्टाचार निर्मूल पार्न र आफ्नो 'युद्ध तयारी' लाई मजबुत बनाउन आदेश दिएका थिए ।

ब्लुमबर्गले अमेरिकी अधिकारीहरूलाई उद्धृत गर्दै भनेको छ, 'सेनामा भ्रष्टाचार विरोधी अभियानको तीव्रता आंशिक रूपमा देखिएको छ र यसले भविष्यमा युद्ध गर्ने चीनको क्षमतामा असर पार्न सक्छ भन्ने डर उब्जिएको छ ।' एक विशेषज्ञले एएफपीसँग भने, 'मियाओलाई हटाउँदा सीको कडा प्रयासका बावजुद पिएलएमा भ्रष्टाचार र अनुशासनका मुद्दाहरूको सहनशीलता प्रकट हुन्छ ।'

सिंगापुरको नानयाङ टेक्नोलोजिकल युनिभर्सिटीका सहायक प्राध्यापक डिलन लोहले भने, 'मलाई लाग्छ, स्पष्ट प्रतिष्ठाको बावजुद खुला र सार्वजनिक रूपमा यी अनुसन्धानहरू अझै पनि भइरहेका छन् र यसले सीको भ्रष्टाचारलाई जरैदेखि उखेलेर फाल्ने संकल्पलाई देखाउँछ । सोही ब्रिफिङमा वुले रक्षामन्त्री डोङ जुनलाई भ्रष्टाचारको आरोपमा अनुसन्धानको दायरामा राखिएको भन्ने समाचारको खण्डन गरे । वूले भने, 'प्रश्नमा आएका रिपोर्टहरू विशुद्ध मनगढन्ते छन् ।'

उनले भने, 'अफवाह फैलाउनेहरू गलत मनसायबाट प्रेरित भएको देखिन्छ । यस्तो निन्दनीय व्यवहारप्रति चीनले आफ्नो कडा असन्तोष व्यक्त गरेको छ ।' नौसेनाका पूर्वकमाण्डर डोङलाई गत डिसेम्बरमा रक्षामन्त्रीमा नियुक्त गरिएको थियो भने सात महिनामै पूर्ववर्ती ली शाङफुलाई अचानक पदबाट हटाइएको थियो ।

लीलाई पछि घूसखोरीलगायत अपराधमा कम्युनिस्ट पार्टीबाट निष्कासित गरिएको सरकारी सञ्चारमाध्यमले जनाएका छन् । त्यसयता उनी सार्वजनिकरूपमा देखिएका छैनन् । उनका पूर्ववर्ती वेई फेङहेलाई पनि पार्टीबाट निष्काशित गरी भ्रष्टाचारको आरोपमा अभियोजकहरूलाई हस्तान्तरण गरिएको थियो ।

चीनको परम्परागत र आणविक क्षेप्यास्त्रको विशाल भण्डारको रेखदेख गर्ने चीनको गोप्य रकेट फोर्सको विशेष गरी गहन अनुसन्धान भइरहेको छ । गत जुलाईमा रकेट फोर्सका एक उच्च चिनियाँ अधिकारी सन जिनमिङलाई पार्टीबाट निकालियो र भ्रष्टाचारको आरोपमा अनुसन्धानको दायरामा ल्याइयो । चिनियाँ सेनाको अपेक्षाकृत नयाँ एकाइ रकेट फोर्ससँग सम्बन्धित कम्तीमा दुई अन्य उच्च पदस्थ अधिकारीलाई पनि भ्रष्टाचारको आरोपमा हटाइएको छ । *रासस/एएफपी*


## धान्याञ्चल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको
### पन्ध्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस धान्याञ्चल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०८१/०७/२४ गते बसेको सञ्चालक समितिको वर्ष १५, १२१ औं बैठकको निर्णय अनुसार तपसिल बमोजिमका विषयहरुमा छलफल गर्ने गरी यस संस्थाको पन्ध्रौ वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा सम्पन्न हुने व्यहोरा अवगत गराउँदै उक्त वार्षिक साधारण सभामा यहाँको गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

**छलफलका विषयहरू :**
क) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व. २०८०/२०८१ को प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
ख) लेखा समितिको तर्फबाट लेखा संयोजकज्यूद्वारा प्रस्तुत आ.व. २०८०/२०८१ को प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
ग) आ.व. २०८०/२०८१ को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाब छलफल पारित गर्ने ।
घ) आ.व. २०८१/२०८२को लागि लेखापरीक्षकको नियुक्ति एवं निजको पारिश्रमिक निर्धारण गर्ने ।
ङ) साधारण सभाको निर्णय पुस्तिका (माइन्युट) प्रमाणित गर्न शेयरधनीका तर्फबाट १० जना प्रतिनिधि छनौट गर्ने ।
च) संस्थाका नीतिहरुमा आवश्यक संशोधन गर्ने तथा थप आवश्यक नीति, निर्देशिका र कार्यविधि तयार गरी कार्यान्वयन गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।
छ) संस्था समायोजन (भचनभ) सम्बन्धी आवश्यक रणनीति तयार पार्ने ।
ज) संस्थाको भावी नीति तथा कार्यक्रम तय गरी पारित गर्ने ।
झ) विविध ।

**कार्यक्रम :**
**मितिः २०८१ साल पौष २० गते शनिबार ।**
**समयः बिहान ठिक ११:०० बजे ।**
**स्थानः चोभार, काठमाडौं ।**

तुल्सीराम घिमिरे
सचिव
सञ्चालक समितिको आज्ञाले



## साउदीमा रोजगार
कम्पनी : Samak Al Arabia General Contracting Est.
पूर्व स्वीकृति मिति : २०८१/०३/१९ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१३ | LT. No. 307058 | चलानी नं. ६०२२१८४७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Offices and Facilities Cleaning Labors | 6 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २१ गते (6th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिसा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Overseas Employment (P.) Ltd.
Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com
श्रम इजाजत नं. १२०८/०७३/०७४

## जापानमा रोजगार
कम्पनी : NSJ KYODOKUMIAI
पूर्व स्वीकृति मिति : २०८१/०८/१३ | LT. No. 314410 | चलानी नं. ६०२२८९०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | सेवा शुल्क | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Frame Working (Farming Construction work) | 2 | 0 | 187800 | १६६,५५० | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | ४०,००० | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव: (क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सहकारी विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू: (क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्छ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्की आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिबद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिबद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिसा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: ४०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

नोट: वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २१ गते (6th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च | रोजगार कम्पनीले मेडिकल खर्च | बिमा खर्च | रोजगारमा बिमा | हवाई टिकट | भिसा शुल्क | सामाजिक सुरक्षा कोष | कल्याणकारी कोष | सेवा शुल्क | अभिमुखिकरण शुल्क | भिसा स्टाम्पिङ शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ४०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

SAGAR RECRUITMENT PVT.LTD
Address Kathmandu metropolitan city -04 Dhumbarahi, Kathmandu
Phone no 014542285, 014542232, Mobile 9801049208,9801049209,9801049210
Govt. License 895/067/068

## युएइमा रोजगार
कम्पनी : AMAFH EMPLOYMENT SERVICES L.L.C
पूर्व स्वीकृति मिति : २०८१/०८/१३ | LT. No. 314560 | चलानी नं. ६०२२८८५२

| सि. नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter (Building) | 30 | 0 | 1200 | ४४,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 40 | 0 | 1000 | ३६,६९० | | | | | | | |
| 3 | Plumber | 30 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 4 | Sealer/Packer | 0 | 25 | 1200 | ४४,००० | | | | | | | |
| 5 | Welder | 15 | 0 | 1200 | ४४,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २१ गते (6th Dec. 2024) मा हुनेछ ।
सेवा शुल्क: नि:शुल्क

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com
LIC 1675/080/81

## कुवेत/युएइमा रोजगार
कम्पनी : AL MATROUK AL KHALEJIYA FOR GENERAL TRADING CO.
पूर्व स्वीकृति मिति : २०८१/०४/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१३ | LT. No. 308340 | चलानी नं. ६०२२२९६७

| सि. नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 2 | 150 | ६५,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | CDP/CHEF | 2 | 0 | 180 | ७८,८२५ | | | | | | | |
| 3 | Line cook | 2 | 0 | 150 | ६५,६९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २१ गते (6th Dec. 2024) मा हुनेछ ।

कम्पनी : DUBAI ROYAL PALACES HOSPITALITY LLC
पूर्व स्वीकृति मिति : २०८०/११/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१३ | LT. No. 301571 | चलानी नं.६०२१६४३५

| सि. नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEANER | 30 | 30 | 1500 | ५५,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Housekeeping Supervisor | 0 | 5 | 2000 | ७३,३६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २१ देखि २३ गते (6-8 Dec. 2024) सम्म हुनेछ ।
सेवा शुल्क: नि:शुल्क

Supreme Overseas Pvt. Ltd.
Koteshwor-32, Kathmandu, Nepal, Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com, Web: www.supremeoverseas.com.np
श्रम इजाजत नं. ३०१/०५९/०६०

## युएइ/साउदीमा रोजगार
कम्पनी : HOSPITALITY CATERING LLC | शेवा शुल्क: नि:शुल्क
पूर्व स्वीकृति मिति : २०८१/०८/१३ | LT. No. 314566 | चलानी नं. ६०२२८८५६

| सि. नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 0 | 900 | ३३,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreign Food Cook | 30 | 0 | 1200 | ४४,००० | | | | | | | |
| 3 | Waiters | 20 | 0 | 1100 | ४०,३३५ | | | | | | | |

कम्पनी : MAHARAH HUMAN RESOURCES COMPANY | शेवा शुल्क: १०,०००
पूर्व स्वीकृति मिति : २०८१/०८/१३ | LT. No. 314512 | चलानी नं.६०२२८८५७

| सि. नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load unload Worker | 15 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २१ गते (6th Dec. 2024) मा हुनेछ ।

YOUNG MANPOWER PVT.LTD.
Gaushala-9, Kathmandu, Nepal, Tel: +977-1-4583814, 4583815 , 4583816
E-mail : youngmanpower123@gmail.com, Web: https://www.youngmanpower.com.np/
Govt. License No. 1047/073/74

## साउदीमा रोजगार
कम्पनी : Asma Saleh Fawaz Al Harbi Trading Establishment
पूर्व स्वीकृति मिति : २०८१/०८/१३ | LT. No. 314517 | चलानी नं. ६०२२८८५१

| सि. नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 4 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २१ गते (6th Dec. 2024) मा हुनेछ ।
सेवा शुल्क: १०,०००

Pigeon International Overseas Pvt. Ltd
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०

## साउदीमा रोजगार
कम्पनी : Munira Fahd Rashid Al Rabish Restaurants for Providing Meals
पूर्व स्वीकृति मिति : २०८१/०८/१३ | LT. No. 314493 | चलानी नं.६०२२८८७०

| सि. नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 4 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Tahani qead eid alotaibi
पूर्व स्वीकृति मिति : २०८१/०८/१३ | LT. No. 313591 | चलानी नं. ६०२२८८५०

| सि. नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Unique Profession Worker | 18 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २१ गते (6th Dec. 2024) मा हुनेछ ।
सेवा शुल्क: नि:शुल्क

Paradeshi Overseas Services Pvt. Ltd.
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np
Govt. License 387/059/060

## साउदीमा रोजगार
कम्पनी : AL BAYADER TECHNICAL ESTABLISHMENT FOR SAFETY DEVICES
पूर्व स्वीकृति मिति : २०८१/०८/१२ | LT. No. 314448 | चलानी नं. ६०२२८८२६

| सि. नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 6 | 0 | 1800 | ६४,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २१ गते (6th Dec. 2024) मा हुनेछ ।
सेवा शुल्क: नि:शुल्क

Pashupati HR Solution Pvt. Ltd.
Pingalasthan, Gaushala, Kathmandu, Nepal
E-mail : pashupatihr17@gmail.com Tel No. 014588454
www.pashupatihr.com.np
श्रम ईजाजत नं. १४००/०७४/०७५

## साउदीमा रोजगार
कम्पनी : Saif Mohamed Alajmi Contracting Est
पूर्व स्वीकृति मिति : २०८१/०८/१३ | LT. No. 314338 | चलानी नं. ६०२२८८८९

| सि. नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORK SHOP LABOR | 5 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २१ गते (6th Dec. 2024) मा हुनेछ ।
सेवा शुल्क: नि:शुल्क

Prince International Employment Service Pvt. Ltd.
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, Mobile: 981-3952892, 9706180600, 9813952892
E-mail : info@princeies.com, mkhatiwada799@gmail.com, binod2551@gmail.com
श्रम ईजाजत नं. ४३५/०६०/०६१

## साउदीमा रोजगार
कम्पनी : HORIZON PRODUCTION FACTORY FOR INDUSTRY
पूर्व स्वीकृति मिति : २०८०/०८/१३ | LT. No. 314557 | चलानी नं. ६०२२८८०७

| सि. नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKSHOP WORKER | 3 | 0 | 1000 | ३५,८५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २१ गते (6th Dec. 2024) मा हुनेछ ।
सेवा शुल्क: १०,०००

S.N. Recruiting Service Pvt Ltd
Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884, E-mail : snrecruitingnepal@gmail.com
Govt. License 1284/074/75

## कतारमा रोजगार
कम्पनी : BANDRA TRADING CONTRACTING AND SERVICES
पूर्व स्वीकृति मिति : २०८१/०८/१३ | LT. No. 314491 | चलानी नं. ६०२२८८२४

| सि. नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 2 | 1300 | ४८,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९२,६४५ | | | | | | | |
| 3 | Labourer (Male) | 3 | 0 | 1000 | ३७,०६० | | | | | | | |
| 4 | Supervisor | 2 | 0 | 3000 | १११,१७५ | | | | | | | |

कम्पनी : ATAM TRADING AND CONTRACTING
पूर्व स्वीकृति मिति : २०८१/०८/१३ | LT. No. 314488 | चलानी नं. ६०२२८८२५

| सि. नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter | 4 | 0 | 1100 | ४०,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २१ गते (6th Dec. 2024) मा हुनेछ ।
सेवा शुल्क: नि:शुल्क

SAAD OVERSEAS PVT.LTD.
Sundar Marg, Basundhara-3, Kathmandu, Nepal, Tel: 01-5905860, 5905859, Email: - saadoverseas25@gmail.com
श्रम ईजाजत नं. 1587/079/80



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४९३०० | प्रति तोला - ० | प्रति तोला - १८०० |

## अर्थमन्त्री पौडेल र फिनल्याण्डका विकासमन्त्री ताभियोबीच भेटवार्ता



■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल र फिनल्याण्डका परराष्ट्र मन्त्रालयका वैदेशिक व्यापार तथा विकासमन्त्री भिल्ले ताभियोबीच बिहीबार भेटवार्ता भएको छ ।

अर्थ मन्त्रालयमा उनीहरूबीच भएको भेटवार्ताका क्रममा नेपाल र फिनल्याण्ड सरकारबीच सार्वजनिक लगानी परिचालन परियोजनासम्बन्धी खाका सम्झौतामा हस्ताक्षर भएको मन्त्रालयले जनाएको छ । फिनल्याण्डको सार्वजनिक लगानी सुविधा योजनाअन्तर्गत वित्त परिचालन हुने परियोजनाको सम्झौतापत्रमा अर्थ मन्त्रालयका अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा प्रमुख धनीराम शर्मा र नेपालका लागि फिनल्याण्डका राजदूत रीना रिक्का हेइकाले हस्ताक्षर गरेका थिए ।

उक्त परियोजनामार्फत नेपालमा सामाजिक-आर्थिक पूर्वाधार सुदृढ गर्न र दिगो विकासलाई प्रोत्साहन गर्न परियोजनामा आधारित सहुलियतपूर्ण वित्तिय परिचालन गर्ने लक्ष्य राखिएको छ । अनुदान प्राप्त परियोजनाहरूमार्फत नेपालले खानेपानी, फोहोर व्यवस्थापन, ऊर्जा र विद्युत, 'डिजिटलाइजेसन', मौसम विज्ञान, स्वास्थ्य सेवा प्रविधि, विपद् व्यवस्थापन र उद्धार सामग्रीलगायत विविध सामाजिक-आर्थिक पूर्वाधारमा लगानी गर्न सक्ने जनाइएको छ ।

आर्थिक परिचालन प्रक्रिया सार्वजनिक क्षेत्र लगानी सुविधा मार्गदर्शनद्वारा निर्देशित हुनेछ । जुन आर्थिक सहयोग र विकास संगठन (ओईसीडी) ढाँचामा आधारित छ । नेपाल अतिकम विकसित देश (एलडीसी) को सूचीमा परेकाले ५० प्रतिशत आर्थिक सहायता अनुदानको रूपमा उपलब्ध गराइनेछ ।

कार्यक्रममा उपप्रधानमन्त्री एवं अर्थमन्त्री पौडेलले यो सम्झौता नेपालको आर्थिक सामाजिक क्षेत्रको पूर्वाधार विकासका लागि महत्वपूर्ण उपलब्धी हुने बताए । फिनल्याण्डका विकासमन्त्री ताभियोले सार्वजनिक लगानी परिचालन नेपाल र फिनल्याण्डबीच आर्थिक सहकार्य विकासका लागि महत्वपूर्ण माध्यम बन्ने विश्वास व्यक्त गरेका थिए ।

## 'निजी क्षेत्रसँगको सहकार्यमै सरकार अघि बढ्छ'

■ प्रभाव संवाददाता



**काठमाडौं–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले नेपालको निजी क्षेत्रलाई सरकारले आर्थिक क्रियाकलापमा समेट्न खोजेको बताएका छन् । भृकुटीमण्डपमा बिहीबारदेखि सुरु भएको प्लाष्ट नेपालको चौथो तीन दिने प्रदर्शनीको उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले निजी क्षेत्रको सहकार्य बिना आर्थिक क्षेत्रका समस्या समाधान गर्न नसकिने बताए । पछिल्लो समय आर्थिक सूचकाङ्कहरूमा सुधार देखिएको उल्लेख गर्दै उनले पूँजी बजारमा निजी क्षेत्रको उपस्थिति बढाउनुपर्नेमा जोड दिए ।

मन्त्री भण्डारीले भने, 'पुँजी बजारलाई बढाउनुपर्ने छ, स्वदेशी उत्पादन बढाउनुपर्ने छ, व्यापार घाटा न्यून गर्नुपर्ने छ, नविनतम प्रविधि भित्र्याउनुपर्ने छ, आयात प्रतिस्थापन गर्दै निर्यात बढाउनुपर्ने मुख्य चुनौती हाम्रा सामु छ ।' उनले उद्योग व्यवसायसँग सम्बन्धित बाधक विभिन्न कानुन परिमार्जनका लागि सरकारले तयारी गरेको बताए ।

स्वदेशी लगानीकर्तालाई उत्साहित हुने गरेर सरकारले सुविधा दिइने उनको भनाइ छ । नेपालमा लगानीमैत्री वातावरण रहेको उल्लेख गर्दै उनले समग्र उद्योगी व्यवसायीलाई नेपालमा लगानी बढाउन आग्रह गरे । 'सरकार मेरो छ, म उद्योग चलाइरहेको छु, सरकार साथमा छ भन्ने महसुस अहिलेको सरकारले गराउन खोजेको छ', मन्त्री भण्डारीले भने ।

सेवा प्रवाहको क्षेत्र र उत्पादनका क्षेत्रमा रहेका जटिलता हटाउन सरकारले पहलकदमी थालेको उनले बताए । उद्योग मन्त्रालयमा सुधारका कार्य गर्नका लागि पहल भइरहेको उनले जानकारी गराए । उनले छिट्टै लगानीका क्षेत्रमा देखिएका समस्या सुधारका लागि वर्तमान सरकारले पहलकदमी अगाडि बढाउने बताए । उनले सरकारले वित्तीय क्षेत्र, लगानीकर्ता, कूटनीतिक निकायका प्रतिनिधिलगायत सरोकारवाला निकायका प्रतिनिधि सम्मिलित व्यावसायिक सम्मेलन गर्ने बताए ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्र ढकाल, नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवाल, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवाललगायत वक्ताहरूले वर्तमान सरकारले निजी क्षेत्रको सुझावअनुसार आर्थिक अवस्था सुधारका कार्य अगाडि बढाएकोमा प्रशंसा गर्दै आगामी दिनमा सरकारले निजी क्षेत्रका समस्या समाधानमा पहल गर्ने विश्वास व्यक्त गरे ।

## वित्तीय समानीकरण अनुदान बजेट रोकिँदा आर्थिक संकट

**लुम्बिनी (प्रस)–** लुम्बिनी प्रदेश सरकारले संघीय सरकारबाट प्राप्त हुनुपर्ने वित्तीय समानीकरण अनुदान बजेट समयमा प्राप्त हुन नसक्दा प्रदेशले आर्थिक सङ्कट भोग्नु परेको छ । सङ्घीय सरकारले वित्तीय समानीकरण अनुदानको बजेट नपठाउँदा प्रदेश सरकारले गत वर्षको झण्डै रु साढे दुई अर्ब दायित्व भुक्तानी गर्न नसकेको जनाइएको छ । लुम्बिनी प्रदेश विकास समस्या समाधान समितिको बिहीबार बसेको बैठकले वित्तीय अनुदानको बजेटलगायत विभिन्न समस्याको पहिचान गरेर राष्ट्रिय विकास समस्या समितिमा पठाएको छ ।

बैठकले राष्ट्रिय विकास समस्या समितिमा पठाएका प्रदेशमा पहिचान गरिएका समस्यामध्ये सशर्त अनुदानको रकम घटाएर वित्तीय समानीकरण अनुदानको बजेट बढाउने विषयलाईसमेत महत्वपूर्ण विषयका रूपमा उठाइएको छ । यस्तै संविधानमा व्यवस्था भएको साझा अधिकारका सूची अन्तर्गत कार्य बाँडफाँट र प्रहरी समायोजनाको विषयलाई स्पष्ट मापदण्ड बनाई लागू गर्ने र प्रहरी समायोजनको कुरा छिटो टुङ्गो लगाउनुपर्नेमा जोड दिइएको छ । प्रदेश र स्थानीय तहमा कर्मचारी परिचालनको सन्दर्भमा प्रमुख प्रशासकिय अधिकृत प्रदेशले पठाउनेगरी व्यवस्था गर्नुपर्ने, वन क्षेत्रको जग्गाको प्रयोग र आयोजना कार्यान्वयनमा प्रक्रियागत विषयमा अधिकार प्रत्यायोजन हुनुपर्ने विषयलाई समाधान गर्नुपर्ने विषयका रूपमा उठाइएको छ ।

## 'विश्वशान्तिमा बौद्धमार्गीको योगदान अतुलनीय'

■ दीपा सुनुवार

**काठमाडौं–**संस्कृति,पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले विश्वमा शान्ति फैलाउन बौद्धमार्गीको अतुलनीय योगदान रहेको बताएका छन् । काठमाडौंमा बिहीबारआयोजित चौथो विश्व शान्ति पूजाका अवसरमा बोल्दै मन्त्री पाण्डेले बौद्धमार्गीका कारण विश्वमा शान्ति फैलाउन योगदान पुगेको बताएका हुन् ।

ज्ञानबाट धन तिर जान लागेको समाजलाई बुद्ध मार्ग कै माध्यमबाट शान्ति फैलाउन मद्दत पुग्ने उनको भनाइ थियो । मन्त्री पाण्डेले नेपाल शान्तिको मुहान भएको र विश्वका हरेक मानव एक पटक नेपाल आउनु पर्ने बताउँदै एकपटक आएकोले पटकपटक आउने वातावरण बनाउनु आवश्यक रहेको बताए । विश्व एक परिवार भएकाले विश्वभर एकता र मेलमिलाप हुनु पर्ने उनको भनाइ थियो ।

चौथो विश्व शान्ति पूजाको अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री पाण्डेले बुद्धले दिएको शान्ति खोज्नुपर्ने बताएका छन् । बौद्धनाथमा अवस्थित थार्लाम गुम्बामा बिहीबार नेपाल पर्वतारोहण संघको आयोजनामा





'भव्य दीर्घायु प्रार्थना समारोह र चौथो विश्व शान्ति पूजा'मा मन्त्री पाण्डेले सो बताएका हुन् ।

यसअघि पहिलो, दोस्रो र तेस्रो विश्व शान्ति पूजा पोखरामा आयोजना गरिएको थियो । पर्यटनमन्त्री पाण्डेले भने, 'शान्तिका दुत बुद्ध नेपालमा जन्मे । शान्तिको सन्देश विश्वभरी फैलाए । उनका अनुयायीहरूले विश्वभरी शान्तिको सन्देश फैलाएका छन् ।' रिङपोछे गुरुले पनि विश्वभरी शान्तिको सन्देश प्रचार गर्नुभयो । उनले भने 'मनको, तनको शान्ति हामीले गर्नुपर्ने छ । मन र तन दुवैलाई एकप्रकारको आक्रोसबाट शान्तितिर लैजानु पर्छ ।' धेरै शान्ति खोज्न नेपाल आउँछन् । मनको शान्ति खोज्न आज नेपाल आउने धेरै छन् । पृथ्वीको शान्ति खोज्दै नेपाल आउने गर्छन् । तर आज जलवायु परिवर्तनले पृथ्वीको ताप बढेका छ । हिमालहरू सेता नरहने स्थितिको सिर्जना भएको छ । समुन्द्रको सतह बढ्दै छ ।

'बुद्धले देखाएको बाटोमा हिँड्नुपर्ने' उनले बताए । सारा संसारभरी भातृत्व फैलाउनु पर्नेमा उनले जोड दिए । उनले भने, 'संसार भरी एकता र मेलमिलप बनाउनु छ ।' 'सारा संसार एक परिवार हो । हामीले धनतिर आकर्षित भएको समाजलाई शान्तितिर मेलमिलापमा कसरी लैजानी भन्ने शिक्षा फैलाउन आवश्यक छ,' उनले भने ।

'नेपाल विविधताले भरिएको देश हो । यहाँका विभिन्न संस्कृतिका बारेका आगन्तुक पर्यटकलाई नेपालको संस्कृति देखाइदिनुस्, चिनाइदिनुस । जलसम्पदामा धनी रहेको देखाइदिनूस । बुद्ध धर्म अनुयायीहरूलाई शान्तिका अग्रदूत जन्मेको अनुभूति गराएर फर्काइदिनुस् । विश्वभरी शान्ति फैलियोस भन्नको लागि चौथो विश्व शान्ति पूजा सफल रहोस्' उनले भने ।

यसैगरी कार्यक्रममा बौद्ध धर्मालम्बीहरूको बाक्लो उपस्थिति रहेको थियो । शेर्पा समूदायको गीत संगीतहरू प्रस्तुत गरिएको थियो । कुटम्ब ब्याण्डले विभिन्न बाजासहित धुन र गीत प्रस्तुत गरेको थियो ।

भ्रष्टाचार र अनियमितताविरूद्ध जुटौं

- घुस लिने र दिने दुवै अपराधी हुन्,
- भ्रष्टाचारीलाई दण्ड र तिरस्कार गरौं,
- सदाचारीलाई सम्मान र पुरस्कृत गरौं,
- सदाचार र नैतिक संस्कृतिको प्रवर्द्धन गरौं,
- सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही बनाऔं,
- भ्रष्टाचार र अनियमितताविरूद्ध आवाज उठाऔं,
- भ्रष्टाचार र अनियमितता भएमा सम्बन्धित निकायमा उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ